# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हाम्रो देश नेपालमा बहुसङ्ख्यक हिन्दूहरू भए पनि बौद्ध, इशाई, मुस्लिम आदि धर्मका अनुयायीहरू पनि रहेका छन् । अतः नेपाल बहुजातिय, बहुसांस्कृतिक तथा बहुभाषिक मुलुक हो । नेपालमा लगभग १०२ जातका मानिसहरू बसोबास गर्छन् । यी मध्ये एक प्राचिन जाति मुसहर पनि हो । यिनीहरू सिराहा, धनुषा, सुनसरी तथा तराईका विभिन्न ग्रामिण क्षेत्रहरूमा छरिएर रहेका छन् । मुसहर जातिको सबैभन्दा बढी घनत्व भएको जिल्ला सिराहा हो । जहाँ ४० हजार मुसहरहरूको बसोबास छ । वि.सं. २०५८ को जनगणना अनुसार यिनीहरूको जनसङ्ख्या १,७२,४३४ छ जसमध्ये ८८,०४१ पुरुष र ८४,३९३ महिला छन् (पाण्डेय, २०६३) ।

मुसहर जाति एक प्राचिन दलित जाति हो । दलित शब्दको उत्पत्ति संस्कृतको 'दल' धातुमा इत (दल+इत्) प्रत्यय लागेर बनेको हो । जसको शाब्दिक अर्थ मोडिएको, पिसिएको हुन्छ (नेपाल, २००१ जुन) । त्यसैगरी बृहत् नेपाली शब्दकोश (२०५०) ले दलित समुदायलाई दमन गरिएको, थिचिएको, कुल्चिएको, विध्वेश गरिएको वर्गलाई जनाउँछ ।

आदिम कालमा मानव समाजमा कुनै पनि किसिमको जातीय व्यवस्था थिएन, भेदभावमुक्त साम्यवादी व्यवस्था रहेको थियो, भारतमा ई.पू. ४०० तिर जन्मिएको जातीय छुवाछुत नेपालको तराई प्रदेश हुँदै उपत्यका, पहाडी भू-भागसम्म फैलियो । जुन मध्यकालमा (ई.स. ८७९-१७८६) खुब विकसित भयो । खासगरी काठमाडौंका राजा जयस्थिति मल्ल (ई.सं १३६०-९५) ले तत्कालिन नेपाली समाजलाई ४ वर्ण र ३६ जात तथा ७२५ उपजातहरू कायम गराए अनि ब्राह्मण र पुरोहितहरूको इसारामा यो जातपात एवम् छुवाछुत प्रथालाई सामाजिक कानुनको रूपमा यहाँ लाद्ने काम गरे (विश्वकर्मा, २०५४) । जसमा ब्राह्मण, क्षेत्री आदि समुदायका व्यक्तिहरू हरेक क्षेत्रमा अगाडि देखिन्छ भने दलितहरू शैक्षिक, सामाजिक, राजनैतिक एवम् आर्थिक सबै क्षेत्रमा पछि परेको देखिन्छ । नेपालमा हिमाल, पहाड, तराई गरी २० भन्दा बढी दलितका समूह नेपालमा छन् । जसमध्ये मुसहर, पासवान, डुम, चमार आदि तराईका प्रमुख दलितहरू हुन् । अन्य जातिमा जस्तै मुसहर जातिमा पनि विभिन्न थर छन् र आफूहरू एउटै पुर्खाको सन्तान भएको बताउँछन् ।

जस्तै - मघैया, तिरहुतिया, तिरौसिया र सिनौरिया गरी जम्मा चार थर मात्र पाइएको छ । ती मध्ये तिरहुतियाहरूको सङ्ख्या नेपालमा सबैभन्दा बढी छ । अन्य तीन थर भएका मुसहरहरू भारतमा पाइन्छन् । यसरी यो जाति पनि भारतबाटै बसाइँ सराइ गरी नेपाल आएको जाति हो (पाण्डेय, २०६३) ।

हाम्रो देशको कुल जनसङ्ख्याको १२.९१% दलितहरू रहेका छन् भने दलित अन्तर्गत स्थानीय विकास मन्त्रालयका अनुसार २० जातहरू पर्दछन् । दलितहरू दलित हुनुको मुख्य कारण उनीहरूलाई पेसाको आधारमा भेदभाव र अछुतको रूपमा सामाजिक संरचनामा अलग्गै राख्नु नै रहेको कुरा उल्लेख गरिएको छ । यसको सबैभन्दा ठूलो असर आर्जनदेखि टाढा रहेकै कारणले दलितहरू विस्तारै पछाडि पर्दै गएका छन् । नवौं योजनामा साक्षरता प्रतिशतलाई ७० पुऱ्याउने लक्ष्य लिइएको बेला दलितहरूको साक्षरता प्रतिशत न्यूनतम ४.८५% देखि उच्चतम ३१.३२% मात्र छ । हालसम्मको प्रगति विवरणलाई हेर्दा योजनाले ती लक्ष्य प्राप्ति गर्न सकेको छैन (पाण्डेय, २०६३) । शिक्षाको कमीले गर्दा आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा उत्पन्न अवसरहरू प्राप्त गर्न नसक्ने अवस्थामा पुगेका छन् (कोइराला, २०६३) ।

नवौं र दशौं पञ्चवर्षीय योजनाले पनि सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरूमा योग्य एवम् तालिमप्राप्त दलित तथा उपेक्षित समुदायका व्यक्तिहरूलाई रोजगारीका विशेष कार्यक्रम सञ्चालन गरिनेछ भनी उल्लेख गरेको छ । वर्तमान समयमा ०६५/०६६ को आर्थिक बजेटमा पनि दलितहरूलाई आर्थिक तथा सामाजिक रूपमा उत्थान गर्न ६० वर्ष उमेर पुगेका सबैलाई वृद्ध भत्ताको व्यवस्था गरेको छ तर अन्य जातिहरूको हकमा भने ७० वर्ष पुगेका व्यक्तिहरूलाई मात्र वृद्ध भत्ता दिने गरेको छ ।

दशौं योजनामा दलितहरूको शिक्षामा पहुँच बढाउनका लागि निश्चित अवधिका निम्ति विशेष संरक्षणको व्यवस्था गर्ने, प्राविधिक विषयमा उच्च शिक्षामा दलित र उपेक्षितहरूको पहुँच बढाउने भनी उल्लेख गरेको छ । जग्गा जमिन वितरण गर्दा सुकुम्बासी दलितहरूलाई विशेष प्राथमिकता दिने, वैदेशिक रोजगारमा सरकारी क्षेत्रबाट पठाउँदा परम्परागत सीप र साधनमा आधुनिकीकरण गरेर पर्याप्त तालिम प्रदान गरी उनीहरूको सेवालाई रोजगारीमूलक बनाउने जस्ता कार्यक्रमहरू राखिएको छ । दलितहरूको वार्षिक औषत प्रतिव्यक्ति आय ३९.६० डलर रहेको छ । देशका भूमिहिन मध्ये ७५% दलित वर्गका रहेका छन् भने जमिनको स्वामित्व नगन्य रहेको छ । नेपालको दलित जनसङ्ख्या

२९,४५,२२३ मध्ये करिब ९६% दलितहरू आफ्नो जग्गाको आम्दानीले खान नपुग्ने अवस्थामा छन् (सेरिड, ०५६, केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।

पढ्नु भनेको ठूलो जातिको काम हो भन्ने धारणा यो जातिमा अझैसम्म पनि भएकाले नेपालमा यो दलित जातिको साक्षरता दर ५% भन्दा कम रहेको छ । साक्षरताका हिसाबले अत्यन्तै पिछडिएको पाइन्छ । पहाडी मुलका दमाई, सार्की, कामीको साक्षरता दर केही उच्च (करिब २५%) छ । मधेसी मूलका दलित महिला पुरुषको साक्षरताका सवालमा १०० जना पुरुष साक्षर हुँदा महिला करिब १०-२५% मात्र साक्षर छन् । शिक्षा र सांस्कृतिक चेतनाको कमी कै कारणले उनीहरू प्रशासनिक, प्राविधिक र स्वास्थ्य सेवा आदि हरेक क्षेत्रमा जान सकेका छैनन् र उनीहरूको सङ्ख्या पनि नगन्य छ (दलित समुदायको स्थिति, २०६०) ।

शैक्षिक वर्ष २०६१/०६२ मा प्राथमिक तहमा जम्मा ५४,०२,६९७ विद्यार्थी प्रवेश भएका थिए त्यसमध्ये दलित विद्यार्थीहरूको सङ्ख्या ९६९०५९ रहेको थियो (शिक्षा मन्त्रालय, २०६४) । सरकारले सबैका लागि शिक्षाको लक्ष्य पूरा गर्ने रणनीति र कार्ययोजना तयार गरेर दलित विद्यार्थीको समेत भर्ना सङ्ख्या बढाउने नीति आर्थिक वर्ष २०६२/०६३ मा राखेको थियो । शिक्षामा दलितहरूको प्रवेश २००५ मा अघिल्लो वर्षको प्रवेश सङ्ख्या भन्दा ४७ प्रतिशतले वृद्धि भएको देखिए तापनि अझै प्राथमिक उमेर समूहका लगभग १३ प्रतिशत बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचमा समेटिन सकेका छैनन् । विद्यालय आएर पनि विविध कारणले बाहिरिनेमा दलित तथा पिछडिएका समुदायका बालबालिकाहरू नै पर्ने गरेका छन् (शिक्षा, २०६४) ।

नेपालको शैक्षिक तथ्याङ्क २०६० का अनुसार २७२६८ प्राथमिक विद्यालयहरू रहेको पाइए पनि शिक्षामा दलितहरूको सहभागिता अत्यन्तै न्यून देखिन्छ । नेपालको शैक्षिक तथ्याङ्क २०५८ अनुसार प्राथमिक तहमा पिछडिएका जम्मा विद्यार्थीहरू ५२७२०४ रहेका छन् जसमध्ये छात्रा ४२.३% र छात्रहरू ५७.७ % पर्दछन् ।

Formative Research Project (2008) ले गरेको अध्ययन अनुसार यस समुदायका बालबालिका सरकारी विद्यालयमा मात्र अध्ययन गर्दछन् । हाल दलित वर्गले पाउने छात्रवृत्ति र अन्य सहुलियतले गर्दा पहिलेको तुलनामा विद्यालय जानेको सङ्ख्या बढी देखिन्छ । प्रायजसो विद्यालय भर्ना भएर आधारभूत शिक्षा पूरा गर्दछन् भने केही सङ्ख्यामा

एस.एल.सी.सम्मको अध्ययन गर्दछन् । यिनीहरूको उच्च शिक्षामा संलग्नता नगन्य मात्रामा देखिन्छ ।

दलित आयोगद्वारा गरिएको अध्ययनले के देखाएको छ भने तराईमा दलितको साक्षरता २१.१% रहेको छ भने पहाडको दलितको साक्षरता ४१.९% रहेको छ । अन्य तथ्याङ्क विवरण निम्न अनुसार रहेको छ :

| प्रदेश | साक्षरता | एस.एल.सी. वा माथि | उच्च शिक्षा वा सो भन्दा माथि |
|---|---|---|---|
| तराईका दलितहरू | २१.१% | ५.३% | ०.६% |
| पहाडका दलितहरू | ४१.९% | ३.४% | - |
| अन्य | ५०.१% | १९.२% | ०.३% |

(दलित आयोग प्रतिवेदन, २०६५)

नेपालमा अन्य जातिको तुलनामा मुसहर जाति शिक्षाका साथै अन्य क्षेत्रमा पनि निकै पछि रहेको छ । जसको प्रमुख कारण गरिबी, छुवाछुत र राज्यले गरेको उपेक्षा हो । मुसहर जाति प्रायजसो ग्रामीण भेगमा बस्छन् । यिनीहरू इन्डोआर्यन ग्रुपका जाति भएकाले इन्डोआर्यन भाषा नै बोल्दछन् अर्थात् तराई मूलका जाति भएकाले भोजपुरी, हिन्दी, मैथिली र अलिअलि उर्दू समेत बोल्दछन् । यिनीहरू प्रायजसो कालोवर्णका हुन्छन् । उनीहरू साना साना झुप्रामा कष्टकर जीवन बिताउन बाध्य छन् । एक सर्वेक्षणअनुसार यिनीहरू ३३% भूमिहिन छन् । त्यसैले उनीहरूको प्रमुख पेसा खेत खन्ने, आलिमा माटो चढाउने, गिट्टी कुट्ने, बालुवा चाल्ने, रिक्सा चलाउने, जङ्गलमा दाउरा काट्ने, मुसा मार्ने र पकाएर खाने गर्दछन् । यसका साथै माछा मार्न यिनीहरू सिपालु मानिन्छन् । अहिले आएर मुसहर समुदायका केटा मान्छेहरू ऋण काढेर खाडी देशहरूमा रोजगारीका लागि पनि गएका छन् (मिथिला साप्ताहिक, २०६०) ।

नेपालमा विद्यालय भर्ना भई बीचैमा कक्षा छाड्ने ४०% विद्यार्थीहरू मध्ये बहुसङ्ख्यक दलित र अल्प सङ्ख्यामा अन्य जातिहरू पर्दछन् । जसको कारणले यस अवस्थालाई मूल्याङ्कन गर्दा सामाजिक, आर्थिक, राजनैतिक रूपमा पछि परेका दलितहरू तुलनात्मक रूपले शैक्षिक स्थितिलाई मध्यनजर गरी शिक्षामा दलितको पहुँच बढाउन उच्च

स्तरीय आयोगको प्रतिवेदन २०५५ ले दलित विद्यार्थीहरूलाई विद्यालयमा विशेष प्रबन्ध गर्नुपर्ने सुझाव पेश गरेको छ । यस अनुसार दलित केटाकेटीहरूलाई प्रोत्साहन गर्न विद्यालय तहको शिक्षामा कुनै पनि शुल्क नलिने र कक्षा १-१० सम्म पाठ्यपुस्तक वितरण निःशुल्क रूपमा गर्ने सुझाव अनुरूप नेपाल सरकारले शैक्षिक सत्र २०६६ देखि नै गर्दै आएको छ । यसै अन्तर्गत कक्षा १-१० सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सबै दलित विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरेको छ । कक्षा १-५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत सबै दलित विद्यार्थीहरूलाई प्रा.वि.दलित छात्रवृत्ति पनि उपलब्ध गराउँदै आएको छ । त्यसैगरी प्राथमिक तहमा वा विद्यालयस्तरमा दलित विद्यार्थीहरूलाई दिइने छात्रवृत्तिका लागि जिल्ला स्तरीय छात्रवृत्ति कोषको स्थापना गर्नु पर्दछ र सो मार्फत जिल्लाका दलित विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था हुनु पर्दछ । निजी तथा आवासीय विद्यालयहरूमा पनि दलित विद्यार्थीका लागि निःशुल्क आरक्षण सिटको व्यवस्था पनि गर्नु पर्दछ भन्ने सुझाव आयोगले प्रस्तुत गरेको छ । वर्तमान समयमा दलित विद्यार्थीका लागि भनेर विद्यालय र क्याम्पस स्तरमा छुट्टै छात्रवृत्ति छुट्याउँदै आएको छ र पनि शिक्षामा दलितहरूको उपस्थिति नगन्य रूपमा देख्न पाइन्छ ।

सामान्य अर्थमा उपलब्धिलाई लक्ष्य प्राप्तिको दिशामा प्राप्त गरेको सफलताको दर भनिन्छ । शिक्षण सिकाइ क्रियाकलाप पश्चात् विद्यार्थीहरूले प्राप्त गरेको शैक्षणिक अनुभवहरूको परिमाणात्मक र गुणात्मक मात्राको शैक्षिक योगको रूपमा उपलब्धिलाई परिभाषित गरिएको छ । यसै सन्दर्भमा अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी १९९० ले उपलब्धिलाई निम्नानुसार परिभाषित गरेको छ - "कुनै पनि कार्य, सीप वा पराक्रमद्वारा निश्चित उद्देश्य, स्तर वा मापदण्ड प्राप्तिको दिशामा प्राप्त सफलतालाई उपलब्धि भनिन्छ ।" उपलब्धि परीक्षणबाट प्राप्त तथ्यलाई आधार मानी मुसहर जातिका बालबालिकाहरूको विद्यालयमा कत्तिको पहुँच र के कस्तो शैक्षिक उपलब्धिको अवस्था रहेको पाइन्छ । मुसहर जातिका विद्यार्थीहरूको घरको शैक्षिक वातावरण, पारिवारिक स्थिति, शिक्षासँग सम्बन्धित व्यक्तिगत तत्त्वहरूले उनीहरूको शैक्षिक उपलब्धिमा के - कस्तो असर पुऱ्याउँछ भन्ने सम्बन्धमा हालसम्म कसैले अनुसन्धान गरेको पाइँदैन । विद्यार्थीहरूको शैक्षिक उपलब्धिको स्तरको लेखाजोखा गर्नु समय सुहाउँदो र प्राथमिक आवश्यकता पनि हो । यसरी सुनसरी जिल्लाको दुहवी, सोनापुर, खनार गा.वि.स.का मुसहर विद्यार्थीहरूको

शिक्षामा के-कस्तो पहुँच वा सहभागिता छ र उपलब्धि छ ? भन्ने कुरालाई केन्द्रविन्दु बनाएर यो अध्ययन अनुसन्धान गर्ने जमर्को गरिएको छ ।

### १.२ समस्याको कथन

समस्याले नै मानवलाई अनुसन्धान गर्न उत्प्रेरित गर्दछ । नेपालको शैक्षिक क्षेत्रमा विविध विषयसँग सम्बन्धित विभिन्न समस्याहरू रहेका छन् । नेपाली समाजमा युगौँयुगदेखि जरो गाडेर रहेको जातीय विभेद तथा छुवाछुत प्रथा समाजको सर्वाङ्गीण विकासका लागि बाधक भइरहेको छ । नेपालको कुल जनसङ्ख्याको १३% दलित मध्ये मुसहरहरूले ०.७६% स्थान ओगटेको छ । सङ्ख्यात्मक रूपमा जस्तो भए पनि उनीहरू आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा स्वास्थ्यका दृष्टिकोणले समेत पछि परेका छन् । समुदायमा प्राथमिक शिक्षाको त कुरै छोडौँ साधारण लेखपढ गर्न जान्नेको पनि अभाव नै छ ।

सबैका लागि शिक्षा (सन् २०००- २०१५) को लक्ष्य अनुरूप शिक्षामा उत्पीडित महिला, बालबालिका, जनजाति र अल्प सङ्ख्यक समुदायका बालबालिकाहरूले पूर्ण रूपमा अनिवार्य निःशुल्क र गुणस्तरीय शिक्षा प्राप्त गराउन सरकारी र गैर सरकारी संस्थाबाट अनेक प्रयासहरू भएका छन् । त्यस्ता प्रयासको बाबजुद पनि समाजमा उपेक्षित र उत्पीडित जीवन बिताइरहेका मुसहर समुदायको विद्यालयमा उपस्थिति, पहुँच, शैक्षिक उपलब्धि आदिको अध्ययन गर्न र उपलब्धिमा प्रभाव पार्ने सामाजिक परिवेश वातावरणको बारेमा अध्ययन गर्न यस अनुसन्धानले प्राथमिक विद्यालय जाने उमेरका, जाने गरेका र भर्ना भएका मुसहर जातिका विद्यार्थीहरू विद्यालय जाने उमेरका छात्रछात्रा कति छन् ? कति जना जाने गरेका छन् र कति जना नजाने गरेका छन् ? नजानुका कारण सहितको प्रश्नको खोजी गरिएको छ -

- विद्यालय जाने र नजाने मुसहर बालबालिकाहरू कति छन् ?
- अध्ययन क्षेत्रका प्राथमिक विद्यालय उमेरका मुसहर बालबालिकाहरूको शैक्षिक अवस्था के कस्तो छ ?
- शिक्षा प्राप्त गर्न विद्यालय भित्र र बाहिर उनीहरूलाई प्रभाव पार्ने तत्त्वहरू के-के छन् ?
- मुसहर बालबालिकाहरूलाई शैक्षिक कार्यक्रममा सहभागी बनाउन के गर्नुपर्छ ?

– मुसहर बालबालिकाहरूको प्राथमि तहमा शैक्षिक उपलब्धिको अवस्था के कस्तो छ ?

माथि उल्लेख गरिएका प्रश्नहरूको जवाफ खोज्न आवश्यक देखिएकाले यो अध्ययनको शीर्षक मुसहर जातिका बालबालिकाको प्राथमिक तहमा शैक्षिक उपलब्धिको अवस्थालाई अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा मानिसको नैसर्गिक अधिकार हो । सबैका लागि शिक्षा र शिक्षामा समान अवसर सबैले पाउनुपर्छ भन्ने नारा प्रशस्त भए पनि दलित तथा पिछडिएका समुदायमा शिक्षाको पहुँच भने एकदमै कम देखिएको छ । उनीहरूको शैक्षिक अवस्था के कस्तो रहेको छ भन्ने तथ्यहरूको प्राप्तिका लागि अध्ययन अनुसन्धान गर्नु जरुरी हुन्छ । त्यसकारण दलित बालबालिकाहरूको शैक्षिक अवस्था सम्बन्धी गरिने अध्ययन अनुसन्धानबाट पत्ता लागेका तथ्यहरूले नीति निर्माण गर्ने तहमा समस्याको विस्तृत जानकारी प्राप्त गर्न सजिलो हुनेछ साथै कार्यक्रम बनाउन तथा योजनाहरू बनाउन, कार्यान्वयन गर्नमा योजनाविद तथा सम्बन्धित अधिकारीहरूलाई सहज हुन जानेछ । जसले गर्दा सरकारी तथा गैर सरकारी संघसंस्थाहरूको समय, स्रोत र साधनको समेत बचत हुन जानेछ । नेपालमा आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक लगायतका पक्षहरूमा शैक्षिक उपलब्धि र सहभागितामा विभिन्न जातजातिहरू बीच विभेद रहे पनि खासगरी दलित समुदायहरू सबै क्षेत्रमा पछि परेका छन् । हालसम्म दलित सम्बन्धी अध्ययन, अनुसन्धान, लेख, रचनाहरू प्रकाशित भए पनि शैक्षिक अवस्था र शैक्षिक उपलब्धि सम्बन्धी भने कमै मात्र भएकाले यसबाट प्राप्त हुने निष्कर्षले मुसहर समुदायका बारेमा विभिन्न ज्ञान हासिल गर्नका लागि यो अध्ययन सहयोगी हुनेछ । मुसहरहरूको विकासका वाहक तत्त्व शिक्षालाई आत्मसाथ गरिएन भने उनीहरूको पहिचान नै समाप्त हुने अवस्था आउने सम्भावना पनि व्यापक रूपमा रहेको देखिन्छ, जुन भोलिको नेपालका लागि अर्को एउटा सङ्कट उत्पन्न हुन सक्ने हुनाले यो अध्ययनको शीर्षक “मुसहर जातिका बालबालिकाको शैक्षिक उपलब्धिको अवस्था” औचित्यपूर्ण छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

क) प्राथमिक तहका मुसहर समुदायका विद्यार्थीहरूको शैक्षिक अवस्था पत्ता लगाउनु,

ख) मुसहर विद्यार्थीहरूको प्राथमिक तहको शैक्षिक उपलब्धि पत्ता लगाउनु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनलाई सुनसरी जिल्लामा सीमित गरिएको छ । अध्ययनका लागि समयको अभाव, दक्ष मानवीय संसाधनको अभावका साथै सीमित स्रोत र साधनका कारण यस शोध अध्ययन निम्न लिखित परिसीमामा आधारित रहेको छ ।

क) यो अध्ययन सुनसरी जिल्लामा सीमित रहेको छ ।

ख) दुहवी, सोनापुर र खनार गा.वि.स.का सामुदायिक विद्यालयमा सीमित रहेको छ ।

ग) मुसहर जातिमा सीमित रहेको छ ।

घ) शैक्षिक अवस्था र शैक्षिक उपलब्धिमा सीमित रहेको छ ।

ङ) प्राथमिक तहमा सीमित रहेको छ ।

## १.६ शब्दावलीहरूको अर्थ र परिभाषा

क) मुसहर - तराई क्षेत्रमा बसोबास गर्ने एउटा दलित जाति जो हरेक क्षेत्रमा पिछडिएका छन् ।

ख) मुसहर विद्यार्थी - अध्ययन क्षेत्रका मुसहर अभिभावकका बालबालिकाहरू जो विद्यालयमा अध्ययनरत छन् तिनीहरूलाई बुझ्नु पर्दछ ।

ग) मुसहर अभिभावक - अध्ययन क्षेत्रका विद्यालयमा अध्ययन गर्ने मुसहर विद्यार्थीका अभिभावक बुझ्नु पर्दछ ।

घ) सामुदायिक विद्यालय - अध्ययन क्षेत्र सुनसरी जिल्लाका नेपाल सरकारबाट प्राप्त अनुदान र सहयोगबाट सञ्चालित सार्वजनिक विद्यालय बुझ्नु पर्दछ ।

ङ) शिक्षक - अध्ययन क्षेत्रका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरू बुझ्नु पर्दछ ।

च) स्रोतव्यक्ति - नेपाल सरकारबाट नेपाल भरी सञ्चालन गरिएका सरकारी तथा निजी विद्यालयमा कार्यरत शिक्षकहरूको कार्य कुशलता वृद्धि गर्ने, तालिम दिने, सूचना दिने व्यक्ति बुझ्नु पर्दछ ।

छ) आदिमकाल - राज्य संरचना नभई सकेको अवस्था बुझ्नु पर्दछ ।

## परिच्छेद : दुई

## सैद्धान्तिक खाका एवम् सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक ढाँचा

सामाजिक विभेदीकरणका बारेमा प्राचिन समयदेखि नै विभिन्न सामाजिक दर्शनशास्त्रीहरूको आ-आफ्ना विचार, धारणा तथा चिन्तन प्रस्तुत गर्दै आएका छन् । यस्ता महत्त्वपूर्ण चिन्तन, धारणा तथा सिद्धान्त क्रमशः संस्कृतिको निर्माण र हस्तान्तरण गर्नमा समेत सघाऊ पुऱ्याएका छन् । यस्तो असमानताबाट तथा विभेदीकरणबाट नै समाजमा छुवाछुत प्रथाको विकास हुँदै आएको हो । यसर्थ अध्ययनलाई सैद्धान्तिक आधार प्रदान गर्ने क्रममा दार्शनिक, समाजशास्त्री एवम् विद्वानहरूको सिद्धान्त यहाँ यस प्रकार संक्षिप्त उल्लेख गरिएको छ ।

कार्ल मार्क्स (१८१८-१८८३) विश्व साम्यवादी आन्दोलनका महान दार्शनिक तथा चिन्तक हुन् । उनले आर्थिक कारणले नै समाजमा विभेदीकरण हुने कुरा उल्लेख गरेका छन् । सामाजिक उत्पादन र वितरणमा रहेको असमानताले विभेदीकरणलाई चरम सीमामा पुऱ्याएको छ । मार्क्सले समाजमा विद्यमान रहेको विभिन्न समाजलाई केवल दुई वर्गमा विभाजन गरेका छन् : बुर्जवा र सर्वहारा । बुर्जवा भनेको आधुनिक पुँजीपतिहरूको वर्ग हो । यो उत्पादनका आधारहरूका मालिक हुन्छ र यसले मजदुरहरूलाई आफ्नो सम्पत्तिमा कामकाजका रूपमा नियुक्त गर्दछ । यो शोषक वर्ग हो । सर्वहारा भनेको समाजको त्यो वर्ग हो जो आफ्नो जीविकोपार्जनका लागि आफ्नो शारीरिक काम बेच्न बाध्य हुन्छन् । सर्वहारा वर्गसँग उत्पादनका कुनै साधनहरू हुँदैनन् । यो शोषित वर्ग हो । यी दुवै वर्गका बीचमा कहिल्यै मेल हुँदैन । सधैं द्वन्द्व हुन्छ । फलस्वरूप समाजमा सामाजिक असमानताले जरो गाड्दछ (शर्मा, २०६१) ।

म्याक्स वेबर (१८६४-१९२०) जर्मन समाजशास्त्रीले समाजभित्र शक्तिको वितरणमा फरक पाए । उनको विचारमा व्यक्तिहरूको बीचमा सम्पति, ज्ञान र शक्ति तथा इज्जतका लागि तानातान हुन्छ र सो प्राप्तिका लागि विभेदीकरण हुन्छ । सम्पति, ज्ञान र शक्ति तथा इज्जतका कुराहरूको परिवर्तन भयो भने विभेदीकरणको अन्त्य हुन्छ ।

म्याक्स वेबरका समकालिन समाजशास्त्री इमाइल दुर्खिम (१८५८-१९२७) ले आधुनिक समाजलाई असमान मानेका छन् । किनभने यसमा प्राचिन समाजमा भएका

नैतिक मूल्यहरू र सचेतताको कमि हुन्छ । आधुनिक समाजमा मानिसहरू चेतनायुक्त एकात्मकताको अधिनमा सम्मिलित हुन्छन् । त्यो एकात्मकता विभाजन कार्यमा वा अन्य सम्बन्धमा आधारित हुन्छ जसले गर्दा फेरि सामाजिक असमानता निम्त्याउँछ ।

पाउलो फ्रेरेको (सन १९७०) समुदाय सशक्तिकरण प्रविधिको माध्यमबाट फ्रेरेको साक्षरता पुनरुत्पादन विधिका अनुसार तल्लो तहका ब्यक्तिहरूको परिवेश अनुसार शिक्षण गर्दै साक्षर बनाउनु पर्छ । शिक्षाको पाठ्यक्रम ढाचा ब्यक्ति तथा समुदायको आवश्यकता अनुसारको हुनु पर्छ । शिक्षाले एक मात्र ब्यक्तिको हित गर्ने नभई समुदायको हित गर्ने खालको हुनुपर्छ ।

इभान पी. प्यावलव (१८४९-१९३६) ले उन्नाईसौं शताब्दीको सुरुमा प्रतिवादन गरेको सिकाइ सिद्धान्तलाई सबन्ध प्रत्यावर्तन सिकाइ हो । यस सिद्धान्तमा सिकाइलाई उत्तेजना र प्रतिक्रियासंग आवद्ध गरेर वर्णन गरिएको छ । सबन्ध प्रत्यावर्तनको सिकाइ भनेको स्वभाविक उत्तेजना वा प्राकृतिक उत्तेजना र अस्वाभाविक उत्तेजना वा कृत्रिम उत्तेजनाको सम्बन्ध स्थापित गरी अस्वभाविक उत्तेजनाबाट स्वभाविक प्रतिकृया देखाउनुको फलस्वरुप व्यवहारमा परिवर्तन आउनु हो । बालबालिकाको सिकाइमा पनि स्वभाविक उत्तेजना र अस्वभाविक उत्तेजनाको सम्बन्ध स्थापित गरेर अस्वभाविक उत्तेजनाबाट पनि स्वभाविक प्रतिक्रिया प्राप्त गर्न सकिन्छ । बालबालिकाको सिकाइ क्रियाकलापमा यस सिद्धान्तलाई प्रयोग गर्न सकिन्छ । सिकाइको मुख्य अभिप्राय बालबालिकाको व्यवहारमा परिवर्तन गराउनु हो (रेग्मी र अन्य, २०६३) ।

गान्धी (१८६९-१९४८) का अनुसार छुवाछुतको मूल उद्‌गम धर्म होइन, उच्चताका अहंकारले नै छुवाछुतको जन्म दिएको हो । एउटा समय यस्तो थियो कि एकथरीले गाईको मासु खान्थे भने अर्को थरीले गाईलाई माता मान्दथे । यसरी दुवैमा एउटाले गौ रक्षाको आवाज बुलन्द गर्दै नियम कानुनहरू निर्माण भयो र गाई भक्षकलाई समाजबाट बहिष्कार गरियो । यसरी समाजमा कटुता उत्पन्न भई छुवाछुतको भावना उत्पन्न भयो (यादव, २०६६) ।

दलितहरू उत्पीडित सामाजिक क्षेत्रमा सबभन्दा बढी छन् जसको कारण उनीहरूको समस्या गम्भिर मात्र नभएर दयनीय भएको छ । उनीहरूलाई आफूलाई उच्च जातिका भनाउँदाहरूले घृणाको दृष्टिले हेर्दछन् । उनीहरूलाई स्पर्श गर्ने कुरा त परै जाओस् छायाँ समेत पर्नु हुन्न भन्ने धारणा राख्दछन् । यीनै कारणबाट दलितलाई घर, होटल, मन्दिर,

पाटी-पौवा आदिमा प्रवेश गर्न समेत दिइन्न । हुन त २०६२ - २०६३ को दोस्रो जनआन्दोलन पछि बनेको अन्तरिम संविधान २०६३ मा छुवाछुत विरुद्ध कडा कारवाहीको व्यवस्था गरेको छ । तापनि व्यवहारमा खासै परिवर्तन देखिँदैन । एउटा मानवले अर्को मानवसँग गर्ने व्यवहार कति लज्जास्पद छ, यस तथ्यबाट प्रष्ट हुन्छ ।

भारतमा सन् १९३१ को दोस्रो गोलमेच सम्मेलनमा डा. अम्बेडकरले अछुतहरूका लागि पृथक राजनैतिक अधिकारको माग गर्दा सबभन्दा पहिला र सबैभन्दा चर्को स्वरले विरोध गान्धीजीले गरेका थिए । गान्धीजीले के भनेका थिए भने "जसले अछुतका लागि राजनैतिक अधिकारको माग गर्छ उसले भारत चिनेकै छैन र हिन्दु समाज आज कसरी बनेको छ त्यो पनि बुझेको छैन ।" त्यसैले म आफ्नो पूरा शक्तिका साथ यो भन्दछु कि यो प्रस्तावको विरोध म एक्लै भए पनि गर्नेछु र आफ्नो प्राणको बाजी लगाएर गर्नेछु (नेपालका दलितहरू, २०५०) ।

सन् १९४८ मा संयुक्त राष्ट्र संघको स्थापना भएदेखि नै विश्वमा समावेशीकरणको मुद्दाहरू चर्को रूपमा उठ्न थाल्यो । फलस्वरूप आर्थिक, शैक्षिक, राजनैतिक एवम् अन्य रूपमा विकसित राष्ट्रहरूले हरेक क्षेत्रमा समावेशीकरणको सिद्धान्त अवलम्बन गरे र छोटो समयमा प्रगति गर्न सफल भयो । हाम्रो देश विविध जातजाति, भाषाभाषि, संस्कृति एवम् धर्मावलम्बीको साझा थलो हो । तसर्थ यहाँ पनि समाजमा पछि पारिएको आदिवासी, दलित, महिला, मधेसी आदिलाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म समावेशीकरणको सिद्धान्त अनुरूप सहभागिता गराउनु पर्दछ ।

### २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

पराजुली (२००१) ले **रुपन्देही केरवानी गा.वि.सका मुसहर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था एक समाजशास्त्रीय अध्ययन**मा मुसहर जातिले भोग्नुपरेका समस्याहरू र शैक्षिक अवस्था, महिलाको स्थान, परम्परागत कृषि मजदुरी, वैकल्पिक सीपको अभाव आदि अवस्थालाई देखाइएको छ । जातिगत खास पेसा नभए पनि कृषि मजदुरी नै मुख्य पेसाको रूपमा लिएको देखिन्छ । परम्परागत विवाहमा विश्वास राख्ने भएता पनि बालविवाह क्रमशः छोड्दै गएका र परिवार नियोजनप्रति लचिलो भएको देखिन्छ । परम्परागत उपचारमा विश्वास गर्ने यो जाति सर्वप्रथम झाँक्री, धामी, झारफुक गर्ने र पछि मात्रै अस्पताल जाने गरेको देखिन्छ । कृषि मजदुरीबाट भएको आम्दानी नै यस जातिको

जिविकोपार्जनको आधार बनेको देखिन्छ । मुसहरहरूको वैवाहिक स्थितिमा प्रेमविवाह, अन्तर्जातीय विवाहलाई स्वीकार गरे पनि परम्परागत विवाहलाई बढी मान्यता दिएको पाइन्छ । समग्र रूपमा यसरी आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पिछडिएको अवस्था हुनुका कारण उनीहरू भाग्यको खेल भनी आफ्नो कर्मलाई नै दोष दिने गर्दछन् ।

पोखेल (२०५३) ले **विराटनगर न.पा.वार्ड नं. ५ का मुसहर जातिको एक अध्ययन** मा मुसहरहरूको धार्मिक, सांस्कृतिक र सामाजिक अवस्थाको बारेमा प्रकाश पारेका छन् । मुसहरहरू आर्थिक रूपले अति नै पिछडिएको र भूमिहिन पनि भएकाले अरूको जग्गामा जोत्ने, ज्याला मजदुरी गर्ने आदि काम गर्नुपर्ने बाध्यता छ । मुसा मार्ने र खाने जाति भएकाले यिनीहरूलाई मुसहर भनिएको हो । उनले मुसहर जातिको आर्थिक अवस्था कमजोर भए पनि देवी देवतामा विश्वास राखी पूराआजा गर्ने र धार्मिक संस्कारलाई निरन्तरता दिन्छन् भनेका छन् । यस जातिको उत्थानका लागि सरकारी स्तरबाट रोजगारीमूलक कार्यक्रम, सुलभ ऋणको सुविधा, शिक्षा जस्ता कुराहरूमा प्राथमिकता दिनुपर्ने सुझाव दिनुभएको छ ।

दाहाल (२०५३) ले **मुसहर जाति एक अध्ययन**मा मुसहर जातिको खानपान, रहनसहन, भेषभुषा, पेसा एवम् सामाजिक, आर्थिक अवस्था आदिको बारेमा अध्ययन विश्लेषण गरेका छन् । यस अध्ययनमा उनले मुसहर समुदायलाई हिन्दू वर्ग अन्तर्गतको शुद्ध जाति मानेका छन् । उनले मुसहर समुदायलाई आर्थिक रूपले गरिब तर संस्कृतिका धनी जाति भनी उल्लेख गरेका छन् ।

मोक्तान (२०५३) ले **सिराहा जिल्लाका मुसहर महिलाको सामाजिक, आर्थिक अवस्था** शोधपत्रमा अध्ययन क्षेत्रका उत्तरदाताहरू प्रायः अशिक्षित रहेका र सानै उमेरमा विवाह गरेको देखिन्छ । परिवार नियोजन प्रयोग सम्बन्धी ज्ञानको कमि, कमजोर आर्थिक अवस्थाले महिलाहरूको तुलनात्मक रूपमा नराम्रो स्वास्थ्य स्थिति बनाउन र यिनीहरूको आर्थिक सामाजिक अवस्था पनि एकदमै कमजोर र दयनीय रहेको पाइन्छ । शिक्षाले जन्मदर घटाउँन सहयोग गर्ने भएकाले महिला शिक्षाको स्तर वृद्धि गर्न सकिएमा बाल जन्मदर घटाउन सकिन्छ । यसको साथै रोजगारीको राम्रो अवसर, आम्दानीमूलक क्रियाकलापको सञ्चालन, महिला शिक्षामा प्राथमिकता, स्वास्थ्य उपचार सम्बन्धी चेतना जगाउने र रोजगारमूलक तालिम आदि सुझावहरू दिएका छन् ।

थापा (२००२) ले Socio-economic Factors Affecting the Educational Status of Mushar Community मा मोरङ जिल्ला दरवेसा गा.वि.स.का मुसहर समुदायमा सामाजिक, आर्थिक तत्त्वहरूले शिक्षामा पारेको प्रभावका सम्बन्धमा अध्ययन गर्नु भएको छ । घरमा प्रौढ व्यक्तिहरू शिक्षित भएमा छोराछोरीहरूलाई पनि पढाउने प्रवृत्ति हुन्छ । त्यस्तै जुन परिवारमा वयस्क व्यक्तिहरू मजदुरी वा श्रमिक कार्यमा बढी संलग्न छन् उनीहरू शिक्षामा कमै मात्रामा संलग्न गराउँछन् । कमजोर आर्थिक अवस्था नै अशिक्षाको मूल कारण हो । बलाविवाह, महिला शिक्षाप्रति समाजको नकरात्मक रुढीवादी धारणा, विद्यालयमा अध्ययन कार्यमा हुने भाषागत समस्या र शिक्षकहरूको विद्यार्थीप्रतिको व्यवहारले पनि पिछडिएका यी मुसहरहरूलाई शिक्षा ग्रहण गर्न नकरात्मक अवस्था सिर्जना भइरहेको छ । लैङ्गिक भेदभाव, परिवारको आर्थिक अवस्था, पारिवारिक शिक्षाको वातावरण, विद्यालयका सुविधाहरू आदिले पनि शिक्षा क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पारिरहेका हुन्छन् । यिनीहरू ६५ जिल्लाहरूमा छरिएर रहेको भए पनि खास पूर्वी तराईका ६ वटा जिल्लाहरूमा बाहुल्यता रहेको पाइन्छ । यी मध्ये सबभन्दा बढी जनसङ्ख्या सिराहामा बसोबास गरेको पाइन्छ ।

सिंह (२०६२) ले मुसहर जातिको शैक्षिक अवस्था र आर्थिक सामाजिक अवस्था धनुषा जिल्लाको हरिपुर गा.वि.स.वार्ड नं. ५ को एक अध्ययन त्रि.वि.को शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर दोस्रो वर्षको सामाजिक न्याय शिक्षा (Elective 571) विषयको आंशिक भार पूरा गर्न गरिएको यो लघु अनुसन्धानमा धनुषा जिल्लाको हरिपुर गा.वि.स.वार्ड नं. ५ का मुसहर जातिका मानिसहरूले शिक्षा तथा आर्थिक अवस्था, त्यसैगरी यस जातिका शैक्षिक चेतनाको विकास ज्यादै दयनीय रहेको उहाँले उल्लेख गरेको पाइन्छ । परम्परागत रूपमा माटोको काम गर्ने, माटो खन्ने, अधिकांश मानिसहरू कालो रङका रहने गरेको उल्लेख गरेको छ । देशभरी कृषि उत्पादनदेखि बाटो निर्माण, भवन निर्माण कार्यका मजदुरी गर्ने यिनीहरूको प्रमुख पेसाको रूपमा रहेका छन् । यिनीहरू पनि देशका नागरिक हुन् । त्यसैले शिक्षामा विकास, आर्थिक सफलता कसरी ल्याउने, शिक्षाप्रतिको नकरात्मक धारणालाई सकरात्मक कसरी बनाउन सकिन्छ भन्ने सम्बन्धमा मुसहरले आफ्नो हक र अधिकार पाउन गा.वि.स. देखि जिल्ला र क्षेत्रीय स्तरसम्म संगठन बनाउनु पर्ने, शिक्षा, रोजगारी र राजनैतिक क्षेत्रमा विशेष आरक्षणको व्यवस्था हुनुपर्ने र यस जातिका बालबालिकाहरूलाई कक्षा १ देखि निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्ने आदि सुझाव दिएका छन् ।

शर्मा (१९९९) ले Social Determinants of Fertility Among Rural Women मा सिराहा जिल्लाको भवानीपुर गा.वि.स.का मुसहर महिलाहरूले अशिक्षाको कारणले गर्दा बच्चाहरूको जन्मदर बढी भएको मानेका छन् । दैनिक ज्यालादारीमा काम गर्ने हुँदा परिवारको सङ्ख्या ठूलो भएमा पैसा कमाउने, बच्चाहरूलाई साहु महाजनका घरमा घरायसी काममा लगाएर आम्दानी गर्ने जस्ता प्रतिफलको आशामा धेरै बच्चा जन्माउन चाहेका हुँदा जन्मदर घटाउने सम्बन्धमा नकारात्मक प्रभाव परेको देखिन्छ । पढ्न जाने उमेर भएका बच्चालाई स्कुल नपठाई घरका अन्य साना बच्चाहरू हेर्न लगाउनका लागि घरमै राख्ने गर्दा उनीहरू पढ्न पाउँदैनन् । पढ्न नपाएको खण्डमा अशिक्षाको कारण अज्ञानता भई जन्मदर वृद्धि हुन्छ । सानै उमेरमा हुने विवाह, छोरालाई बढी महत्त्व दिने परम्परा, परिवार नियोजनको ज्ञानको कमीले तथा घरमा निर्णय गर्ने समाजमा पुरुषको तुलनामा कम अधिकार भएकाले गर्दा पनि जन्मदर बढ्छ । सिंचित जमिन पनि कम भएको तथा राम्रो उब्जाउ पूर्ण सिंचाई हुन सक्ने जमिन भए नियमित आम्दानी र उत्पादन बढ्न गई आर्थिक अवस्था सुधार गर्न सहयोग हुन्छ । आर्थिक अवस्थाले सताए पछि शिक्षा एवम् अन्य जानकारीमूलक कुराहरूमा ध्यान दिन फुर्सद पनि हुँदैन । यस्ता समस्याहरू समाधानका लागि परिवार नियोजन सम्बन्धि विशेष कार्यक्रम महिलाहरूका लागि सञ्चालन गर्नुपर्ने, उत्प्रेरक राखेर परिवार नियोजन कार्यक्रम घरदैलोमा पुर्‍याउनु पर्ने, परिवार नियोजनको सचेतनाको कमिले हुने मातृ मृत्युदरको खतराको जानकारी गराउनु पर्ने सुझाव दिनु भएको छ ।

यसरी मुसहरहरूको रहनसहन निकै सरल रहेको पाइन्छ । दिनभरी ज्याला मजदुरी गरी साँझपख जहान परिवारबीच बसी रमाउने यिनीहरूको थोरै आवश्यकतामा बाँच्ने गर्दछन् । साँझ र विहान हातमुख जोर्ने तथा आङ ढाक्ने लुगा लगाउन मात्र आफ्ना आवश्यकता ठान्ने मुसहरहरू केटाकेटीलाई विद्यालय पढाउनु पर्छ भन्ने धारणाबाट अनभिज्ञ रहेको पाइन्छ । आर्थिक विपन्नताका कारण स्कुले उमेरका बालबालिकालाई आफूसँगै बालश्रम गर्न लगाउने गरेको पाइन्छ । यसकारण तिनीहरूको शिक्षामा पहुँच न्यून छ । “मुसहर जन परवा धन” भन्ने भनाई एउटा प्रचलित छ । त्यसले यिनीहरूको घुमन्ते रूपमा काम गर्न रुचाउने प्रवृत्ति रहेको पाइन्छ । यस घुमन्ते प्रवृत्तिका कारण पनि आफ्ना बालबालिकाको शिक्षाको बारेमा सोच्न पाउँदैनन् ।

### २.३ शैक्षिक उपादेयता

यस अध्ययनलाई पूर्णता दिन पूर्वकार्यहरूको समीक्षा, विभिन्न वैज्ञानिकहरूको सिद्धान्त तथा प्रवर्तनहरूलाई आधार मानी अगाडि बढाइएको छ । विशेष गरेर शैक्षिक क्षेत्रमा प्रयोग गरिएको खोज, अनुसन्धान र सिद्धान्तहरूले फरक-फरक धारणा प्रस्तुत गरे पनि तिनले आखिरमा शैक्षिक क्षेत्रमा भएका कमी कमजोरीहरू पत्ता लगाई शैक्षिक सुधार गर्नका लागि प्रोत्साहन गरिरहेको देखिन्छ । यस प्रकार विभिन्न विद्वानहरूको अनुसन्धान एवम् रचनाले यस जातिका दयनीय जीवनस्तर, आयआर्जन, शैक्षिक अवस्था, रहनसहन, लगाइखवाइ, संस्कृति, परम्परा सम्बन्धी अध्ययन भए पनि प्राथमिक तहको शैक्षिक पक्षलाई छुट्टै अध्ययनको विषयवस्तु नगरिएको परिप्रेक्ष्यमा यो अध्ययन मुसहरहरूको विकासमा शैक्षिक उपलब्धिले पार्ने प्रभावमा केन्द्रित रहेको हुँदा एउटा नयाँ आयाम थपिनेछ ।

दलित समुदायका केटाकेटीले विद्यालय छाड्ने कारणमा विद्यालयको वातावरण उचित नहुनु, शिक्षण सिकाइ क्रियाकलाप जीवनसँग सम्बन्धित नहुनु, शिक्षाबाट तुरुन्त फाइदा नपाउनु, ग्रामीण केटाकेटीका लागि विद्यालय समय उचित नहुनु, गाउँका केटाकेटीहरू कमजोर स्वास्थ्य र कुपोषणबाट पीडित हुनु, केटाकेटीलाई समूहमा समायोजन हुन समस्या पर्नु आदि जस्ता समस्याहरूको उपयुक्त निराकरण खोजी समाधान गर्न सके शैक्षिक उपलब्धि सन्तोषजनक हुन सक्दछ । विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावकलाई समुदायमा आ-आफ्नो जिम्मेवारी वहन गर्न र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउँदै लैजान यस अध्ययनलाई महत्त्वपूर्ण रूपमा लिन सकिन्छ ।

विभिन्न अध्ययन अनुसन्धानको आधारमा हेर्दा दलित समुदाय राष्ट्रद्वारा सञ्चालन गरिएका विविध कार्यक्रमहरूबाट आशा गरे अनुरूप अगाडि बढ्न सकेका छैनन् । उनीहरू सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि क्षेत्रमा पिछडिएको वर्तमान अवस्था छ । दलित जातिको शिक्षामा उपलब्धि र पहुँच सम्बन्धमा विभिन्न समय र स्थानमा विभिन्न अध्ययन अनुसन्धान भएता पनि ती अध्ययनहरूले निश्चित ठाउँ र निश्चित समयमा, निश्चित जनसङ्ख्यालाई केन्द्रविन्दु मानी गरिएको हुन्छ । जसले सम्पूर्ण देशमा रहेका दलितहरूको शैक्षिक स्थितिलाई समेट्न सक्दैन । त्यसैले प्राथमिक तहमा मुसहर (दलित) बालबालिकाहरूको शैक्षिक उपलब्धिको स्थिति पत्ता लगाउनु साथै सो सम्बन्धी समस्या समाधानका उपायहरू पहिल्याइ सुधारका लागि सुझावहरू सिफारिस प्रदान गर्न यस अध्ययनले सहयोग गर्नेछ ।

## परिच्छेद - तीन

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि निश्चित रणनीतिको आवश्यकता पर्दछ । पूर्व योजना बिना गरिने अनुसन्धानले निश्चित लक्ष्यसम्म पुग्न सकिँदैन । तसर्थ अनुसन्धान कार्यका लागि तयार गरिने बृहत् योजना तथा रणनीतिलाई नै अनुसन्धानको ढाँचा भनिन्छ । यो अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलन गर्न, सङ्कलित तथ्याङ्कहरूको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गर्नका लागि गुणात्मक तथा परिमाणात्मक दुवै अनुसन्धान पद्धतिलाई अपनाइएको छ ।

| उद्देश्य | साधनहरू | उत्तरदाता | | | | |
|---|---|---|---|---|---|---|
| | | वि.व्य.स. अध्यक्ष | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक |
| १. प्राथमिक विद्यालय उमेरका मुसहर समुदायका विद्यार्थीहरूको अवस्था पत्ता लगाउनु | अन्तर्वार्ता | ✓ | | | | |
| | प्रश्नावली | | ✓ | ✓ | ✓ | ✓ |
| | दस्तावेज अध्ययन | मार्क्स लेजर | | | | |
| २. मुसहर विद्यार्थीहरूको प्राथमिक शिक्षाको उपलब्धि पत्ता लगाउनु | अन्तर्वार्ता | ✓ | | | | |
| | प्रश्नावली | | ✓ | ✓ | ✓ | ✓ |
| | दस्तावेज अध्ययन | मार्क्स लेजर | | | | |

### ३.२ जनसङ्ख्या

माथि परिसीमामा उल्लेख गरिए बमोजिम अध्ययन क्षेत्रका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू, अभिभावकहरू, शिक्षकहरू र विद्यार्थीहरू यस अध्ययनको जनसङ्ख्या रहेका छन् ।

### ३.३ नमुना छनोट

#### ३.३.१ जिल्ला, गा.वि.स.को छनोट

अध्ययनका लागि सुविधाजनक नमुना छनोट विधिबाट सुनसरी जिल्लाअन्तर्गत दुहवी गा.वि.स., खनार गा.वि.स. र सोनापुर गा.वि.स.लाई नमुनाको रूपमा छनोट गरिएको छ।

#### ३.३.२ विद्यालयको छनोट

नमुनाको रूपमा छनोट गरिएको सुनसरी जिल्लाअन्तर्गत दुहवी गा.वि.स., खनार गा.वि.स. र सोनापुर गा.वि.स.मा पर्ने सामुदायिक विद्यालयहरूमध्ये सुविधाजनक नमुना छनोट विधिबाट ४ वटा विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ।

#### ३.३.३ प्र.अ.को छनोट

अध्ययन क्षेत्र भित्रका ४ वटा छनोट भएका सामुदायिक विद्यालयका प्र.अ.हरूलाई सुविधाजनक नमुना छनोट विधिका आधारमा नमुनाको रूपमा छनोट गरिएको छ।

#### ३.३.४ वि.व्य.स.अध्यक्षको छनोट

नमुनाको रूपमा छनोट गरिएका ४ वटा सामुदायिक विद्यालयका वि.व्य.स.का अध्यक्षहरूलाई सुविधाजनक नमुना छनोट विधिका आधारमा नमुनाको रूपमा छनोट गरिएको छ।

#### ३.३.५ अभिभावकको छनोट

नमुनाको रूपमा छनोट गरिएका ४ वटा सामुदायिक विद्यालयका अभिभावकहरू मध्येबाट प्रत्येक विद्यालयबाट ४ जनाको दरले १६ जनालाई सुविधाजनक नमुना छनोट विधिका आधारमा नमुनाको रूपमा छनोट गरिएको छ।

#### ३.३.६ शिक्षकको छनोट

अध्ययन क्षेत्र भित्र छनोट भएका ४ वटा सामुदायिक विद्यालयबाट ३ जनाको दरले १२ जना शिक्षकलाई उद्देश्यात्मक नमुना छनोट विधिका आधारमा नमुनाको रूपमा छनोट गरिएको छ।

### ३.३.७ विद्यार्थी छनोट

अध्ययन क्षेत्र भित्रका विद्यालयहरूको प्रा.वि.तहमा अध्ययनरत विद्यार्थीमध्ये प्रत्येक कक्षाबाट ४/४ जनाका दरले मुसहर छात्र छात्रालाई उद्देश्यात्मक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कनका स्रोतहरू

यस अध्ययनमा आवश्यक पर्ने सूचनाहरू सङ्कलन गर्न निम्न अनुसारका तथ्याङ्क सङ्कलनका स्रोतहरू उपयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानको क्रममा तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ता आफैँले निर्माण गरेका साधनहरूको उपयोग गरी उत्तरदाताहरूबाट प्रत्यक्ष रूपमा प्राप्त हुने तथ्याङ्क नै प्राथमिक तथ्याङ्कको स्रोत हो । यस अन्तर्गत प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता विधि अवलम्बन गरी प्राथमिक सूचनाहरू सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

अनुसन्धानका क्रममा विभिन्न दस्तावेज र रेकर्डहरू हेरी प्राप्त हुने तथ्याङ्क नै तथ्याङ्क सङ्कलनको द्वितीय स्रोत हो । यस अन्तर्गत मुसहर जातिका विद्यार्थीहरूको विद्यालयमा भएका विभिन्न अभिलेख, विद्यार्थी उपस्थिति बहि, मार्कलेजर, यस जातिसँग सम्बन्धित विभिन्न संघ संस्थाहरूले गरेको अध्ययन, अनुसन्धान, प्रतिवेदन, लेख, रचना, बुलेटिन, राष्ट्रिय दलित आयोगले गरेको सर्वेक्षण प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदन, राष्ट्रिय जनगणना २०५८ तथा जिल्ला प्रोफाइल, गा.वि.स. प्रोफाइलहरूबाट सूचनाहरू सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण

अध्ययनका लागि आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्नका लागि निम्न अनुसारका साधनहरूको निर्माण गरी प्रयोग गरिएको छ ।

### ३.५.१ असंरचित अन्तर्वार्ता अनुसूची

कुनै पनि विषयमा व्यक्तिको विचार वा धारणा बुझ्नका लागि पूर्व निर्धारित मापदण्ड नअपनाई अवस्था र आवश्यकता अनुसार सञ्चालन गरिने अन्तर्वार्तालाई नै असंरचित अन्तर्वार्ता भनिन्छ । वि.व्य.स. अध्यक्षहरूबाट तथ्याङ्क सङ्कलन गर्नका लागि यसको प्रयोग गरिनेछ । अन्तर्वार्ता निर्देशिकालाई अनुसूची १ मा राखिएको छ ।

### ३.५.२ प्रश्नावली

कुनै विषय वस्तु वा घटनाको सम्बन्धमा व्यक्तिको विचार बुझ्नका लागि तयार गरिएको प्रश्नहरूको सङ्गालो नै प्रश्नावली हो । प्रश्नावलीको प्रयोग गरी विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्रश्नावलीको अनुसूची २, ३, ४, ५ मा राखिएको छ ।

### ३.५.३ दस्तावेज/अभिलेख अध्ययन

विद्यार्थीहरूको भर्ना, उपस्थिति, छात्र-छात्राहरू, मुसहर एवम् अन्य गैर दलितको सङ्ख्या तथा उनीहरूको कक्षा सहभागिता सम्बन्धी विवरण सङ्कलन गर्नका लागि विभिन्न दस्तावेज एवम् उपलब्ध भए सम्मका अभिलेखहरू अध्ययन गरिएको छ । अभिलेख सङ्कलन फारम अनुसूची-६ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलनका साधनहरूको वैधता

तथ्याङ्क सङ्कलनका लागि निर्माण गरिएको साधनहरूमा वैधता कायम गर्नका लागि सर्वप्रथम साधनको निर्माण गरी शोध निर्देशकलाई देखाई आवश्यकता अनुसार परिस्कृत र परिमार्जन गरी तथ्याङ्क सङ्कलनका साधनहरूलाई वैधता प्रदान गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि निम्न अनुसारका तथ्याङ्क सङ्कलनका प्रक्रियाहरू प्रयोग गरिएको छ ।

### ३.७.१ प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अन्तर्गत निम्न अनुसारको विधि र साधनको प्रयोग गरी निम्न व्यक्तिहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

- विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबाट अनुसूची १ मा निर्माण गरिएको अन्तर्वार्ता अनुसूचीको प्रयोग गरी अनुसन्धानकर्ता आफैँबाट तथ्याङ्क गरिएको छ ।
- विद्यालयका प्रधानाध्यापकहरूबाट अनुसूची २ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैँबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।
- विद्यालयका शिक्षकहरूबाट अनुसूची ३ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैँबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।
- विद्यालयमा अध्ययनरत विद्यार्थीहरूबाट अनुसूची ४ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैँबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।
- विद्यालयका अभिभावकहरूबाट अनुसूची ५ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैँबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।
- विद्यार्थीहरूको शैक्षिक अवस्था र उपलब्धि हेर्नका लागि अनुसूची ६ मा निर्माण गरिएको विद्यार्थी उपलब्धि अभिलेख सङ्कलन फारम प्रयोग गरी अनुसन्धानकर्ता आफैँबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.७.२ द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अन्तर्गत मुसहर जातिका विद्यार्थीहरूको विद्यालयका विभिन्न अभिलेख, विद्यार्थी उपस्थिति बही, मार्कलेजर, यस जातिसँग सम्बन्धित विभिन्न संघसंस्थाले गरेको अध्ययन, प्रतिवेदन, लेख, रचना, राष्ट्रिय दलित आयोगले गरेको सर्वेक्षण, प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदन, राष्ट्रिय जनगणना २०५८ तथा जिल्ला प्रोफाइल, गा.वि.स.प्रोफाइलहरू हेरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन गरिसकेपछि सङ्कलित तथ्याङ्कलाई विभिन्न तालिकामा अलग-अलग तालिकीकरण गरिएको छ । अध्ययन प्राप्त तथ्याङ्कको विश्लेषण गर्न तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरिएको छ ।

साथै प्राप्त तथ्याङ्कहरूलाई अध्यनयको वैचारिक खाकाको रूपमा छनोट गरिएको पाउलो फेरेको समुदाय सशक्तीकरण प्रविधिको सिद्धान्त र इभान पी. व्यावलवको सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्तसँग तुलनात्मक अध्ययन, विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

अन्तर्वार्ता, प्रश्नावली एवम् दस्तावेज/अभिलेख अध्ययनबाट सङ्कलन गरिएका सूचनाहरू एवम् कक्षाकोठा अवलोकनबाट प्राप्त सूचना तथा जानकारीलाई गुणात्मक विधि र परिमाणात्मक तथ्याङ्कहरूलाई तथ्याङ्क विवरण तालिका र स्तम्भ चित्रहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । अन्त्यमा विभिन्न पक्षमा प्राप्त परिमाणको आधारमा सारांश, प्राप्ति र निष्कर्ष निकाली आवश्यक सुझाव सहित शोधपत्र तयार पारिएको छ ।

## परिच्छेद - चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अध्ययनको क्रममा प्राथमिक तहका उमेर समुहका बालबालिकाहरू मध्ये प्राथमिक शिक्षामा मुसहर समुदायका विद्यार्थीहरूको शैक्षिक अवस्था तथा उपलब्धिको अवस्था कस्तो छ भनी लेखाजोखा गरिएको छ । विभिन्न अध्ययनहरूले नेपालमा रहेका मुसहरहरूको शैक्षिक स्थिति तथा उपलब्धि कमजोर देखाएको पाइन्छ । विद्यालयमा प्रवेश तथा अपेक्षित उपलब्धि हासिल गर्न नसक्नुमा प्रमुख कारणहरू आर्थिक अवस्था तथा जनचेतनाको कमीले गर्दा नै हो भन्ने तथ्यहरू अध्ययनले देखाएका छन् भने अन्धविश्वास पनि अर्को मुख्य कारक तत्व रहेको पाइन्छ । त्यसैले सुनसरी जिल्लाका मुसहरहरूको प्राथमिक तहमा तिनीहरूको शैक्षिक अवस्था तथा उपलब्धि के कस्तो छ भनी अध्ययन गर्नका लागि सुनसरी जिल्लाका ४ वटा सामुदायिक विद्यालयहरू छनोट गरी मुसहर विद्यार्थी, उनीहरूका अभिभावक, प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, स्रोत व्यक्तिहरूलाई नमुनाको रूपमा लिई त्यहाँबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न साधनहरू जस्तै प्रश्नावली, अन्तरवार्ता, विद्यालयका दस्तावेज र अभिलेख अध्ययन गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१. शैक्षिक अवस्थाको विश्लेषण

अध्ययन क्षेत्रका मुसहर समुदायमा मुसहर बालबालिकाहरूको प्राथमिक तहमा शैक्षिक उपलब्धिको अवस्था पत्ता लगाउने उद्देश्यले शैक्षिक सर्वेक्षण गरिएको छ । यो सर्वेक्षण कार्य अध्ययन क्षेत्र सुनसरी जिल्लाका ४ वटा सामुदायिक विद्यालयमा केन्द्रित छ । मुसहर बालबालिकाहरूको प्राथमिक तहमा विद्यार्थीहरूको भर्ना स्थिति निम्न अनुसार रहेको छ ।

तालिका -१

श्री विष्णु उ. मा. वि सोनापुर - २, सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत भर्ना विवरण

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | १२ | १४ | २६ | ८ | १७ | २५ | ४ | ६ | ११ |
| २ | ४ | ७ | ११ | १३ | ६ | १९ | ५ | १३ | १८ |
| ३ | ६ | ३ | ९ | ४ | ६ | १० | ८ | ५ | १३ |
| ४ | १५ | १० | २५ | ४ | ३ | ७ | ४ | ४ | ८ |
| ५ | ३ | ४ | ७ | ८ | ३ | ११ | ४ | २ | ६ |
| जम्मा | ४० | ३८ | ७८ | ३७ | ३५ | ७२ | २५ | ३१ | ५६ |

स्रोतः विद्यालय तथ्याङ्क फारम २०६६, २०६७, २०६८

प्रस्तुत तालिकाको आधारमा व्याख्या गर्दा प्रत्येक वर्ष कक्षा १ मा भर्ना हुनेको सङ्ख्या बढी छ । तर कक्षा- १ मा २०६६ सालमा भर्ना भएको २६ जना मध्ये २०६७ सालमा कक्षा -२ मा सो सङ्ख्या घटेर १९ जना छन् भने २०६८ सालमा कक्षा-३ मा सो सङ्ख्या अझ घटेर १३ जना मात्र छन् । कक्षा -१ को तुलनामा कक्षा २ र ३ मा बाह्य विद्यालय बाट आउने र कक्षा दोहोऱ्याउने साथै उत्तीर्ण हुनेको आधारमा विद्यार्थीको सङ्ख्या बढ्नु पर्नेमा घटि छ । यसको मुख्य कारण विद्यालय छाडी अर्को विद्यालयमा भर्ना हुन गएको र कोही पढ्न छाडेर विद्यार्थीको सङ्ख्यामा कम हुन गएको सम्बन्धित विद्यालयका शिक्षकहरूबाट थाहा हुन आएको छ । अर्को तर्फ विद्यालयको भर्ना रेकर्ड हेर्दा जति माथिल्लो कक्षा उतिनै मुसहर विद्यार्थीहरूको सङ्ख्या कम हुदै गएको पाइन्छ । यसको कारण घरको काममा बढी खटिनु पर्ने भन्ने कुरा अभिभावक तथा प्र.अ.बाट जानकारी हुन आएको छ । वि.स.२०६६ सालमा छात्रको सङ्ख्या ४० र छात्राको सङ्ख्या ३८ गरी जम्मा ७८ जना छन्

र २०६७ सालमा छात्रको सङ्ख्या ३७ र छात्राको सङ्ख्या ३५ गरी जम्मा ७२ जना छन् त्यसै गरी २०६८ सालमा छात्रको सङ्ख्या २५ र छात्राको सङ्ख्या ३१ गरी जम्मा ५६ जना छन् ।

तालिका -२

श्री विष्णु उ.मा.वि . सोनापुर-२, सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत परीक्षामा सामेल अवस्था

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | 9 | 12 | 21 | 6 | 12 | 18 | 4 | 6 | 10 |
| २ | 3 | 6 | 9 | 10 | 5 | 15 | 5 | 9 | 14 |
| ३ | 6 | 3 | 9 | 4 | 6 | 10 | 8 | 4 | 12 |
| ४ | 12 | 7 | 19 | 3 | 3 | 6 | 4 | 3 | 7 |
| ५ | 3 | 4 | 7 | 6 | 3 | 9 | 2 | 2 | 4 |
| जम्मा | 33 | 32 | 65 | 29 | 29 | 58 | 23 | 24 | 47 |

स्रोत : विद्यालय तथ्याङ्क फारम २०६६,२०६७ र २०६८

माथिका सालगत भर्ना विवरण र परीक्षामा सहभागी विवरणको अध्ययन गर्दा सबै कक्षामा २०६६, ०६७ र ०६८ सालमा परीक्षामा सहभागी विद्यार्थी घटेको पाइयो । वि.सं. २०६६ सालमा छात्रको भर्ना स्थिति ४० थियो भने परीक्षामा सामेल हुँदा घटेर ३३ हुन आएको छ । छात्राको ३८ बाट घटेर ३२ रहेको छ । त्यसैगरी २०६७ सालमा छात्रको सङ्ख्या ३७ बाट घटेर २९ र छात्राको सङ्ख्या ३५ बाट २९ हुन आएको छ । साथै २०६८ सालको छात्रको सङ्ख्या २५ बाट २३ र छात्राको ३१ बाट २४ घटेर क्रमशः आएको छ ।

तालिका -३

श्री पशुपति प्रा . वि . सोनापुर-९ , सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत भर्ना विवरण

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २४ | २५ | ४९ | १२ | २४ | ३६ | २० | २० | ४० |
| २ | ७ | ५ | १२ | २१ | २१ | ४२ | १० | २६ | ३६ |
| ३ | ३ | ८ | ११ | ६ | १ | ७ | १६ | ९ | २५ |
| ४ | ८ | ८ | १६ | ४ | ७ | ११ | ६ | १ | ७ |
| ५ | १० | ५ | १५ | ५ | ६ | ११ | ६ | ५ | ११ |
| जम्मा | ५२ | ५१ | १०३ | ४८ | ५९ | १०७ | ५८ | ६१ | ११९ |

स्रोत : विद्यालय तथ्याङ्क फारम २०६६,२०६७ र २०६८

प्रस्तुत तालिकाको आधारमा यस विद्यालयमा पनि कक्षा-१ म भर्ना हुने सङ्ख्या बढिनै छ । तर जुन क्रममा कक्षा बढ्दै जादा विद्यार्थीहरू सफल भएका र अन्य विद्यालयबाट आउने विद्यार्थीहरू थप भई कक्षा १ मा भएको भर्ना दर भन्दा कक्षा २,३,४ र ५ मा क्रमश बढ्नु पर्नेमा घट्दै र यथावत भएको पाइएको छ । जस्तै कक्षा- २ मा २०६६ सालमा भर्ना भएका १२ जना मध्ये २०६६ सालमा घटेर ७ जना छन् भने २०६८ सालमा उक्त सङ्ख्या यथावत रहेको पाइएको छ । यो अवस्थामा आउनुको मुख्य कारण आर्थिक, सामाजिक तथा सांस्कृतिक परिवेशको प्रभावले भन्ने अभिभावकबाट जानकारी हुन आएको छ । वि.स. २०६६ सालमा छात्रको सङ्ख्या ५२ र छात्राको सङ्ख्या ५१ गरी जम्मा १०३ जना छन् र २०६७ सालमा छात्रको सङ्ख्या ४८ र छात्राको सङ्ख्या ५९ गरी जम्मा १०७ छन् त्यसै गरी २०६८ सालमा छात्रको सङ्ख्या ५८ र छात्राको सङ्ख्या ६१ गरी जम्मा ११९ जना रहेका छन् । तीनै सालको समग्र अध्ययन गर्दा छात्राको सङ्ख्या बढी छ ।

तालिका -४

श्री पशुपति प्रा . वि . सोनापुर-९ , सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत परीक्षामा सहभागी अवस्था

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | 20 | 22 | 42 | 10 | 20 | 30 | 18 | 19 | 37 |
| २ | 6 | 4 | 10 | 19 | 20 | 39 | 10 | 22 | 32 |
| ३ | 3 | 6 | 9 | 6 | 1 | 7 | 15 | 8 | 23 |
| ४ | 6 | 6 | 12 | 4 | 6 | 10 | 6 | 1 | 7 |
| ५ | 8 | 5 | 13 | 5 | 5 | 10 | 6 | 4 | 10 |
| जम्मा | 43 | 43 | 86 | 44 | 52 | 96 | 55 | 54 | 109 |

स्रोतः विद्यालय तथ्याङ्क फारम २०६६, २०६७, २०६८

दुवै तथ्याङ्कलाई अध्ययन गर्दा २०६६ सालको भर्ना स्थिति छात्रको ५२ र छात्रा ५१ बाट परीक्षामा सामेल छात्रको सङ्ख्या घटेर ४३ र छात्राको सङ्ख्या घटेर ४३ हुन आएको देखिन्छ । त्यस्तै २०६७ सालमा छात्रको ४८ बाट ४४ र छात्राको ५९ बाट ५२ हुन आएको छ । साथै २०६८ सालमा छात्र सङ्ख्या ५८ बाट ५५ र छात्राको सङ्ख्या ६१ बाट ५४ हुन आएको छ । यसरी अध्ययन गर्दा परीक्षामा सामेल हुने सङ्ख्या सामान्य रूपमा रहेको छ भने विद्यालय उपस्थिति कम रहेको पाइन्छ ।

तालिका-५

श्री ज्ञानोदय निम्न माध्यमिक विद्यालय, खनार-२, सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत भर्ना विवरण

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ३ | २ | ५ | १ | ५ | ६ | ४ | ५ | ९ |
| २ | ३ | २ | ५ | ५ | १ | ६ | ३ | २ | ५ |
| ३ | ७ | ४ | ११ | २ | ४ | ६ | ३ | ३ | ६ |
| ४ | १ | ४ | ५ | ३ | ४ | ७ | ४ | ३ | ७ |
| ५ | ४ | १ | ५ | २ | ५ | ७ | २ | ३ | ५ |
| जम्मा | १८ | १३ | ३१ | १३ | १९ | ३२ | १६ | १६ | ३२ |

स्रोतः विद्यालय तथ्याङ्क फारम २०६६, २०६७, २०६८

प्रस्तुत तालिकाको आधारमा मुसहर बालबालिकाहरूको यस विद्यालयको भर्ना स्थितिमा प्रायःएकरुपता भएको अवस्थामा पनि सामान्य परिर्वतन भएको पाइन्छ । कक्षा- ३ को २०६६ सालको भर्ना स्थिति सङ्ख्या ११ छ भने २०६७ र २०६८ मा घटेर क्रमश ७ र ५ छ । सबभन्दा उच्च भर्नादरको अवस्था पनि कक्षा ३ मा नै २०६६ सालमा रहेको छ । विद्यार्थीहरूको भर्नादर थोरैमा ५/५ का दरले रहेको तथ्याङ्कले देखाएको छ । २०६६ सालमा छात्रको भर्ना दर बढी भए पनि २०६७ मा छात्राको भर्नादर बढी रहेको देखिन्छ भने २०६८ सालमा दुबैको भर्नादर लगभग बराबर रहेको पाइन्छ । वि.स.२०६६ सालमा छात्रको सङ्ख्या १८ र छात्राको सङ्ख्या १३ गरी जम्मा ३१ र २०६७ सालमा छात्रको सङ्ख्या १३ र छात्राको सङ्ख्या १९ गरी जम्मा ३२ जना रहेका छन् भने २०६८ सालमा छात्रको सङ्ख्या १६ र छात्राको सङ्ख्या १६ गरी जम्मा ३२ जना रहेका छन् ।

तालिका-६

श्री ज्ञानोदय निम्न माध्यमिक विद्यालय, खनार-२, सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत परीक्षामा सामेल अवस्था

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | 3 | 2 | 5 | 1 | 4 | 5 | 4 | 4 | 8 |
| २ | 3 | 2 | 5 | 5 | 1 | 6 | 3 | 2 | 5 |
| ३ | 6 | 3 | 9 | 2 | 3 | 5 | 2 | 2 | 4 |
| ४ | 1 | 4 | 5 | 3 | 2 | 5 | 3 | 2 | 5 |
| ५ | 4 | 1 | 5 | 2 | 3 | 5 | 1 | 2 | 3 |
| जम्मा | 17 | 12 | 29 | 13 | 13 | 26 | 13 | 14 | 27 |

स्रोतः विद्यालय तथ्याङ्क फारम २०६६, २०६७, २०६८

सालगत भर्ना विवरण र परीक्षामा सामेल विवरणलाई केलाउदा वि.सं. २०६७ सालमा १८ जना छात्रको सङ्ख्यामा १७ र १३ जना छात्राको सङ्ख्यामा १२ जना परीक्षामा सामेल भएका पाइयो । त्यसैगरी वि.सं. २०६७ सालमा छात्रको सङ्ख्या एउटै रहेको र छात्राको सङ्ख्या १९ बाट घटेर १३ पाइयो । साथै २०६८ सालमा छात्रको सङ्ख्या १६ बाट घटेर १३ र छात्राको सङ्ख्या १६ बाट घटेर १४ आएको पाइयो ।

तालिका-७

श्री भोला नि.मा. वि. दुहबी-४,सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत भर्ना विवरण

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ९ | ५ | १४ | ८ | ८ | १६ | १० | ५ | १५ |
| २ | ८ | ८ | १६ | ६ | ४ | १० | ३ | ३ | ६ |
| ३ | ३ | ७ | १० | २ | ४ | ६ | ४ | २ | ६ |
| ४ | ५ | २ | ७ | २ | २ | ४ | ३ | २ | ५ |
| ५ | ४ | ३ | ७ | ३ | ४ | ७ | २ | ४ | ६ |
| जम्मा | २९ | २५ | ५४ | २१ | २२ | ४३ | २२ | १६ | ३८ |

स्रोतः विद्यालय तथ्याङ्क फारम २०६६, २०६७, २०६८

तालिका न. ४ लाई अध्ययन गर्दा कक्षा १ मा भर्ना स्थीति तीन ओटै सालमा अरू कक्षामा भन्दा बढी रहेको छ । सबैभन्दा बढी भर्नादर कक्षा १ मा २०६७ साल र कक्षा २ मा २०६६ सालमा १६ जना बराबर सङ्ख्यामा रहेको छ। समग्र तथ्याङ्कलाई केलाउदा सबै सालमा छात्रहरूको सङ्ख्या बढी रहेको छ । कक्षा ३ को भर्ना स्थीतिलाई नियाल्दा २०६६ मा १० जना रहेकोमा २०६७ मा घटेर ४ रहयो भने २०६८ मा बढेर ६ भएको पाइन्छ । त्यसै गरी कक्षा १ मा २०६६ सालमा १४ जना भर्ना भएका छन् भने २०६७ र २०६८ मा कमश घट्दै १० र ६ को अवस्था रहेको देखिन्छ। वि.स.२०६६ सालमा छात्रको सङ्ख्या २९ र छात्राको सङ्ख्या २५ गरी जम्मा ५४ र २०६७ सालमा छात्रको सङ्ख्या २१ र छात्राको सङ्ख्या २२ गरी जम्मा ४३ जना छन् भने २०६८ सालमा छात्रको सङ्ख्या २२ र छात्राको सङ्ख्या १६ गरी जम्मा ३८ जना रहेका छन्। छात्राको भन्दा छात्रको सङ्ख्या बढी देखिन्छ।

अध्ययन क्षेत्रका ४ वटा विद्यालयको भर्ना अवस्थालाई अध्ययन गर्दा प्रत्येक साल कक्षा १ मा भर्ना दर बढिरहेको र कक्षा चड्दै जाँदा भर्नाको अवस्था क्रमशः घटेको देखिन्छ । समग्रमा प्रत्येक सालको भर्ना अवस्थालाई हेर्दा वि.सं. २०६६ सालको तुलनामा २०६७ र २०६८ सालमा घटेको देखिन्छ ।

तालिका-८

श्री भोला नि.मा. वि. दुहबी-४,सुनसरी

मुसहर विद्यार्थीहरूको प्राथमिक तहको सालगत परीक्षामा सामेल अवस्था

| साल | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | 8 | 4 | 12 | 6 | 7 | 13 | 10 | 5 | 15 |
| २ | 6 | 7 | 13 | 5 | 3 | 8 | 3 | 3 | 6 |
| ३ | 3 | 6 | 9 | 2 | 2 | 4 | 4 | 2 | 6 |
| ४ | 3 | 1 | 4 | 2 | 2 | 4 | 3 | 1 | 4 |
| ५ | 4 | 1 | 5 | 3 | 2 | 5 | 2 | 2 | 4 |
| जम्मा | 24 | 19 | 43 | 18 | 16 | 34 | 22 | 13 | 35 |

स्रोतः विद्यालय तथ्याङ्क फारम २०६६, २०६७, २०६८

माथिका तालिका अध्ययन गर्दा वि.सं. २०६८ सालको छात्रको सङ्ख्या २९ बाट घटेर परीक्षा सामेल २४ हुन आएको छ भने छात्रातर्फ २५ बाट १९ मा आएको छ । त्यसैगरी २०६७ सालमा छात्रको सङ्ख्या २१ बाट १८ र छात्राको सङ्ख्या २२ बाट १६ हुन आएको छ । वि.सं.२०६८ सालमा छात्राको सङ्ख्या एउटै रहेको पाइयो भने छात्राको सङ्ख्या १६ बाट १३ मा झरेको पाइयो ।

यसरी समग्रमा मुसहर बालबालिका परीक्षामा सामेल सङ्ख्या भर्ना स्थितिभन्दा कम रहेको पाइयो ।

### ४.१.१ मुसहर अभिभावकको शैक्षिक अवस्था प्रतिको दृष्टिकोण

अध्ययन क्षेत्रका ४ वटा विद्यालयबाट १६ जना मुसहर अभिभावकसँग अन्तरवार्ताका लागि तयार पारिएको खुल्ला प्रश्नवलीको आधारमा लिइएको अन्तर्वार्ता तथा सोही क्रममा

भएको छलफलको आधारबाट मुसहर जातिको शिक्षा प्रतिको धारणा यस प्रकार रहेको पाइन्छ ।

अभिभावकहरूले आफ्ना केटाकेटीहरूलाई पढाउनु पर्छ भन्दै हामीले नपढेका कारणबाट हेपिएको र दु:ख पाएका छौ भन्ने आधार १६ जना मध्ये १० जनाले व्यक्त गरे भने ६ जना अभिभावकहरू पढाउनु पर्ने हो तर घरको कामकाज, घरमा बस्तुभाउ हेर्ने काम, भाइबहिनीको रेखदेख गर्नुपर्ने हुन्छ नत्र भने हामी काममा जान पाउँदैनौ र पढाउनको लागि सरकारले किताबको नि:शुल्क व्यवस्था गरे पनि कपी, कलम र अन्य सामाग्री किन्न सकिन्न भन्ने जस्ता उत्तर दिए । छलफलकै क्रममा कोहि अभिभावकले गाँउमा पढेका व्यक्तिहरूले उच्च शिक्षा हासिल गरे पनि बेरोजगार छन् भन्ने बताए । त्यसैले धेरै पढाएर पनि के गर्ने ? पढेकाले बाबु- बाजे देखि गरी आएको काम (माटो काट्ने, माछा मार्ने) पनि गर्न मान्दैनन् अन्य व्यापार सञ्चालन गर्न पैसा छैन । आफ्नै खेतीबारी पनि नभएकाले अरू व्यक्तिहरूकै खेतिबारीमा काम गरी त्यस बापत आएको अन्न एवम् नगद रूपैँयाबाट जीविका निर्वाह गर्दै आएको बताए । धेरै जसोले छोराछोरीलाई विद्यालयमा पढाएता पनि प्राथमिक तह पनि पूरा नगरी पढाउन छाडेको पाइयो । तथा केहि मुसहर अभिभावकको भनाइ अनुसार केटाकेटी विद्यालय आउन नै चाहदैनन् भन्ने जस्ता प्रतिक्रिया व्यक्त गरे ।

शिक्षा हासिल गर्ने प्रसस्त अवसरहरू भए पनि मुसहरहरू अधिकांश अशिक्षित छन् । तसर्थ सरकारी जागिरको पनि कुनै सम्भावना नै छैन । स-साना बालबालिकाहरू मात्र स्कुल जाने गरेको पाइयो । मुसहर अभिभावकहरूले अझै सम्म पनि आफ्ना छोराछोरीहरूलाई विद्यालयमा पठाएका छैनन् । यिनीहरूको आर्थिक अवस्था पनि कमजोर भएको कारण आफ्ना बालबालिकालाई घरायसी काममा लगाउने गरेका छन् । विद्यालय जाने बालबालिकालाई पनि आवश्यक शैक्षिक सामाग्री समयमा पूरा गर्न नसकेको र विविध कारणबस नियमित विद्यालय पठाउन नसकेको जानकारी प्राप्त भयो । गरिबी, अशिक्षा, बेरोजगारीको कारण बाट मुसहरहरू शिक्षामा अन्य जातको तुलनामा पछि परेको प्रतिक्रिया व्यक्त गरे । स्थानीय प्रशासन र सरकारले पनि हामीलाई यथेस्ट सहयोग नगरेको गुनासो गरेको पाइयो । हामी जस्तो गरिबी एवम् पिछडीएको समुदायका बालबालिकाको शिक्षा र रोजगारको सुनिश्चितता सरकारले गर्नुपर्छ भन्ने धारणा पाइयो ।

### ४.१.२. प्र. अ. तथा शिक्षकको शैक्षिक अवस्था प्रतिको दृष्टिकोण

मुसहर बालबालिकाहरू अझै पनि शिक्षाको मुलधारमा नरहको उल्लेख गर्दै सम्बन्धित विद्यालयका प्र.अ तथा शिक्षकहरूले यिनीहरूलाई शिक्षाको मुल धारमा समेट्न प्रयोगात्मक, व्यवहारिक उपायहरू अवलम्वन गर्नु पर्ने कुरामा जोड दिएका थिए । प्र. अ तथा शिक्षकहरूले लैङ्गिक भेदभाव त्यागि छोराछोरीलाई विद्यालय सम्म नियमित रुपले पठाउने वातावरण बनाउनु पर्नेमा जोड दिइएको पाइयो । यसका लागि नेपालको तराई क्षेत्रका दलित बासिन्दाका रुपमा चिनिने मुसहर जातिका बालबालिकाहरू अझै शिक्षाको पहुँचबाट टाढा रहेको अवस्थामा मुसहर बालबालिकाहरूलाई उनिहरूकै मातृ भाषाबाट जनचेतनाका कार्यक्रमहरूबाट सचेत बनाउनु पर्छ र मुसहर बालबालिकाहरूलाई पनि स्वयम शिक्षाको महत्व बारे बुझाउनु पर्छ भन्ने कुरामा प्र.अ. तथा शिक्षकहरूको जोड छ ।

छनोटमा परेका विद्यालयहरमा मुसहर जातिका शिक्षकहरू पाउन सकिएन । आर्थिक अवस्था कमजोर भएर घरायसी काममानै मुसहर बालबालिकाहरू अनिवार्य लाग्नु पर्ने भएकाले विद्यालयमा भर्ना भई अध्ययन गर्न नसकेको सम्बन्धित विद्यालयका शिक्षकहरूबाट थाहा हुन आयो साथै मुसहर समुदायका ब्यक्तिहरूबाटै चेतनाअभिबृद्धि गर्न सकेको खण्डमा मुसहर बालबालिकाको विद्यालयमा प्रत्यक्ष उपस्थिती बढाउन सकिने र कक्षा छाड्ने प्रवृत्तिको अन्त्य गर्न सकिने श्री विष्णु उ.मा.वि. र श्री ज्ञानोदय नि.मा.वि.का प्र. अ.हरूले जनाए । मुसहर र गैर मुसहर विद्यार्थीहरूका वीचमा धेरै कुरामा समान्ता भेटिए पनि विद्यालयहरूमा उपस्थिती न्युन र सर-सफाइमा ध्यान नदिने गरेको पाइयो र यसको कारण चेतनाको कमिले गर्दा भएको भन्ने कुराहरू सम्बन्धित विद्यालयका शिक्षक तथा प्र.अ. हरूले बताएका छन् ।

### ४.१.३. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको शैक्षिक अवस्था प्रतिको दृष्टिकोण

अध्ययन क्षेत्रका ४ वटा सामुदायिक विद्यालयका व्यवस्थापन समितिका ४ जना अध्यक्षहरूसँग अन्तरवार्ताका लागि तयार पारिएको प्रश्नवालीको आधारमा लिइएको अन्तरवार्ता तथा सोही कममा भएका छलफलको आधारबाट वि.व्या.स. का अध्यक्षहरूको मुसहर बालबालिकाहरू प्रतिको शैक्षिक दृष्टिकोण यस प्रकार रहेको पाइन्छ ।

नेपाल सरकारले चलाएको भर्ना अभियानले विगतमा भन्दा अहिले मुसहर लगायत अन्य जातजातिका बालबालिकाहरूको सहभागिता हरेक बर्ष बढिरहेको छ । सरकारी तबरबाट भर्ना अभियानलाई व्यवस्थित र ब्यापक बनाउनु पर्ने कुरामा श्री पशुपति प्रा.वि. र भोला नि.मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको जोड थियो । कुनै पनि चेतनामुखी कार्यक्रमहरू सञ्चालन गर्दा शहर तथा सदरमुकाममुखी मात्र नबनाएर सम्बन्धित क्षेत्र वा स्थानीय स्तरमा नै सञ्चालन गरेको खण्डमा बढि उपयोगी हुने कुरा केहि अध्यक्षहरूले बताएका छन् साथै शैक्षिक बेरोजगारका कारण अभिभावकहरूले आफ्नो छोराछोरीहरूलाई पढाउनु पर्छ भन्ने धारणामा कमी आएको र रोजिरोटीका लागि घरायसी काम तिर आकर्षित हुने गरेको कुरा समेत प्रष्ट पारेका छन् ।

मुसहर बालबालिकाको शैक्षिक अवस्था प्रतिको दृष्टिकोणलाई अध्ययन गर्दा शिक्षाको मूल धारमा ल्याउन विभिन्न प्रयास गरिएता पनि मुसहर जातिको व्यक्ति निर्णायक तहमा नभएको, सामाजिक, आर्थिक, सांस्कृतिक कारणले गर्दा नै अझ सम्म पनि समेट्न नसकिएको भन्ने जस्ता धारणा पाइयो । मुसहर समुदायका व्यक्तिहरूले आफ्नो पुर्खौली पेसामा नै रहनु पर्छ अन्यथा दुःख पाइन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । शिक्षासँग सम्बन्धित विभिन्न चेतनामूलक कार्यक्रमहरू सहर केन्द्रित भइरहेको अवस्थामा स्थानीय स्तरमा नै स्थानीय व्यक्तिहरूद्वारा सञ्चालन गर्नुपर्ने देखिन्छ । जसले गर्दा यसको प्रत्यक्ष प्रभाव लक्षित समुदायसम्म पुग्दछ ।

नेपाल अधिराज्यको आन्तरिम संबिधान- २०६३ मा व्यवस्था गरिएका मौलिक हक सम्बन्धी व्यवस्थामा मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ भन्ने स्पष्ट व्यवस्था गरिएको पाइन्छ । त्यस्तै शिक्षा ऐनमा पनि स्पष्ट रुपमा प्राथमिक तहको शिक्षा मातृभाषामा दिने व्यवस्था गरिने छ भन्ने उल्लेख गरिएको भए पनि उनीहरू तराई मुलका जाति भएकाले भोजपुरी, मैथिली, हिन्दी र अलि अलि उर्दु भाषामा समेत बोल्ने भएकाले उक्त भाषाहरूमा कहि कतै पनि प्राथमिक शिक्षा नदिएकाले विद्यालयहरूमा विद्यार्थीहरूको सहभागिता बढाउन नसकिएको सम्बन्धित विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरू बताउँछन् ।

पाउलो फ्रेरेको (सन १९७०) समुदाय सशक्तिकरण प्रविधिको माध्यमबाट फ्रेरेको साक्षरता पुनरुत्पादन विधिका अनुसार तल्लो तहका ब्यक्तिहरूको परिवेश अनुसार शिक्षण

गर्दै साक्षर बनाउनु पर्छ । शिक्षाको पाठ्यक्रम ढाचा ब्यक्ति तथा समुदायको आवश्यकता अनुसारको हुनु पर्छ । शिक्षाले एक मात्र ब्यक्तिको हित गर्ने नभई समुदायको हित गर्ने खालको हुनुपर्छ । यसरी मुसहर बालबालिकाहरूलाई पनि शिक्षाको मुलधारमा समेट्नको लागि पाउलो फ्रेरेको समुदाय सशक्तिकरणका माध्यमबाट शिक्षा दिने विधिबाट दबिएका समुदायलाई सशक्तिकरण गरेर अघि बढाउनु पर्छ । मुसहर समुदायमा बालबालिकाहरूको शिक्षामा सहभागिता बढाउनु शिक्षाको महत्वमाथि प्रकाश पार्नु पर्छ । 3Rs Vs 7Rs को मान्यता अनुरुप उनिहरूको अभिभावकहरूलाई जनचेतना मार्फत अगाडी बढाउनु पर्छ । उनिहरूलाई पहिला सशक्त पारी शिक्षाको महत्व र प्रयोग बारे बुझाए पछि मात्र उनिहरूले आफ्ना बालबालिकालाई विद्यालयमा संलग्न गराउने छन् । पहाड र तराईका ब्राह्मण, क्षेत्री समुदायका ६० प्रतिशत ब्यक्तिहरू साक्षर हुदाँ मुसहरहरूको ५ प्रतिशत भन्दा कम साक्षर छन् (पाण्डेय,२०६३) । राष्ट्रिय साक्षरता दर ५७ प्रतिशत पुग्दा दलितको साक्षरता दर १० प्रतिशत मात्र हुन जानु जातिय अन्यायले उब्जाएको शैक्षिक असमानता हो । त्यसै गरी पुरुषको दाजोमा आधा मात्र महिला साक्षर छन् । जुनसुकै जातिमा पनि यहि परिपाटी कायम भएको छ (कोइराला, २०५९) यसरी शिक्षा क्षेत्रमा पनि जातीय असमानताले जरो गाडी सकेको हाम्रो समाजमा यिनीहरूलाई शैक्षिक मुलधारमा समेट्नु अतिनै संवेदनशिल विषय हो ।

यसरी अभिभावक, प्र.अ., शिक्षक तथा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष सबैको मनसाय मुसहरहरूको आर्थिक अवस्था न्यून हुनु, अशिक्षित हुनुका साथै विद्यालयमा मातृभाषामा शिक्षा नदिई नेपाली भाषामा पठनपाठन गर्नु पर्ने बाध्यताले गर्दा विद्यार्थी सहभागितामा ज्यादै असजिलो भएको कुरा सम्बन्धित पक्षले एउटा मुख्य समस्याको रूपमा उठाएको पाइन्छ ।

### ४.२. मुसहर बालबालिकाको प्राथमिक तहको शैक्षिक उपलब्धिको विश्लेषण

नेपालमा भएका विभिन्न अध्ययनहरूले दलित तथा पिछडीएका बर्गहरूको शैक्षिक उपलब्धिहरू न्यून रहेको देखाएको छ । ती बर्गका मानिसहरूको आर्थिक स्थिति देखि लिएर अन्य अवस्थाले प्रभाव पारेको पाइन्छ । त्यस्तै गरी सबै बालबालिकाहरू कमजोर हुन्छन् भन्ने छैन त्यसकारण यस अध्ययनका क्रममा विषयगतरुपमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि के कस्तो छ भनि हेर्न खोजिएको छ । विषयगत शैक्षिक उपलब्धि भन्नाले छनोटमा

परेका विद्यालयका कक्षा १ देखि ५ सम्मका शैक्षिक सत्र २०६६, २०६७ र २०६८ मा अध्ययन गर्ने विद्यार्थीहरूको अन्तिम परीक्षामा प्राप्त गरेको परीक्षाफलको आधारमा प्रत्येक कक्षाका ४/४ जनाका दरले २४० जना विद्यार्थीहरूको बिषयगत शैक्षिक उपलब्धि स्तरलाई औषत प्राप्ताङ्क निकाली तलको तालिकाहरूमा प्रस्तुत गरिएको छ।

तालिका न. - ९

छनोटमा परेका विद्यालयका कक्षा- १ का मुसहर बालबालिकाको बिषयगत शैक्षिक उपलब्धि

| | बर्ष | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|---|
| क.स. | विषय | औषत उपलब्धि | औषत उपलब्धि | औषत उपलब्धि |
| १. | नेपाली | ४१ | ४८ | ४८ |
| २. | अंग्रेजी | ४१ | ४० | ४३ |
| ३. | गणित | ४० | ३८ | ४३ |
| ४. | सामाजिक | ३८ | ३९ | ४८ |
| ५. | विज्ञान | ४१ | ४१ | ४७ |
| ६. | ऐ.अंग्रेजी | ४३ | ३५ | ४४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९।

औषत उपलब्धि नजिकीकरणमा राखिएको छ।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा सालगत शैक्षिक उपलब्धिमा २०६६ सालको भन्दा क्रमशः २०६७ र २०६८ सालमा औषत उपलब्धि राम्रो रहेको छ। वि.स.२०६६ सालको बिषयगत उपलब्धिलाई केलाउदा सबै बिषयको औषत उपलब्धि अनुत्तीर्ण नरही तेस्रो श्रेणि भित्र रहेको छ। जसमा सबैभन्दा बढी ऐ.अंग्रेजीमा ४३ र सबैभन्दा कम सामाजिकमा ३८ औषत अंक रहेको छ। वि.स. २०६७ सालको बिषयगत उपलब्धि नेपाली बिषयमा दोश्रो श्रेणि अर्न्तगत रहेको छ। सबभन्दा बढी नेपालीमा ४८ र सबभन्दा कम ऐ. अंग्रेजीमा ३५ औषत अंक रहेको छ। नेपाली बिषय देखि बाहेक सबै बिषयको औषत उपलब्धि तेश्रो श्रेणी

अर्न्तगत रहेको छ । त्यसैगरि २०६८ सालको बिषयगत उपलब्धि नेपाली, सामाजिक र विज्ञानमा (क्रमशः४८,४८,४७ ) दोश्रो श्रेणि अर्न्तगत रहेको छ भने अरु बिषयमा तेश्रो श्रेणि भित्र परेका छन् । सबैभन्दा बढी नेपाली र सामाजिकमा ४८/४८ औषत अंङ्क रहेको छ भने थोरैमा अंग्रेजी र गणितमा ४३/४३ रहेको छ ।

तालिका न.-१०

कक्षा २ का मुसहर बालबालिकाको बिषयगत शैक्षिक उपलब्धि

| क.स. | बर्ष | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|---|
| | बिषय | औषत उपलब्धि | औषत उपलब्धि | औषत उपलब्धि |
| १. | नेपाली | ३८ | ३२ | २९ |
| २. | अंग्रेजी | ४० | २६ | ३० |
| ३. | गणित | ३५ | ३३ | ३६ |
| ४. | सामाजिक | ३७ | २९ | ३३ |
| ५. | विज्ञान | ३९ | ३३ | ३३ |
| ६. | ऐ. अंग्रेजी | ३५ | २७ | २७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

औषत उपलब्धि नजिकीकरणमा राखिएको छ ।

माथिको तालिकालाई अध्ययन गर्दा वि.स. २०६७ र २०६८ सालमाभन्दा २०६६ सालको बिषयगत उपलब्धि राम्रो रहेको छ । २०६६ सालमा सबै बिषयको बिषयगत औषत उपलब्धि राष्ट्रिय स्तरको मानाङ्क उत्तीर्ण अङ्क भन्दा बढी औषत अङ्क रहेको छ भने अरू सालमा ३/३ वटा बिषयमा अनुत्तीर्ण रहेको छ । २०६६ सालमा अंग्रेजी विषयमा सबैभन्दा बढी औषत अङ्क ४० रहेको छ भने सबैभन्दा कम औषत अङ्क ३५/३५ गणित र ऐ.अंग्रेजीमा रहेको छ । २०६७ सालमा अनिवार्य अंग्रेजी, सामाजिक र ऐ. अंग्रेजीमा उत्तीर्ण दर भन्दा कम औषत अङ्क क्रमशः २६,२९ र २७ रहेको छ । त्यसै गरी वि.स. २०६८ मा

नेपाली, अंग्रेजी र ऐ. अंग्रेजीमा उत्तीर्ण दर भन्दा कम औषत अङ्क क्रमशः २९, ३० र २७ रहेको छ ।

तालिका न.-११

कक्षा ३ का मुसहर बालबालिकाको विषयगत शैक्षिक उपलब्धि

| क्र.सं. | बर्ष | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|---|
| | बिषय | औषत उपलब्धि | औषत उपलब्धि | औषत उपलब्धि |
| १. | नेपाली | ४६ | ३८ | ३२ |
| २. | अंग्रेजी | ३६ | ३४ | ३१ |
| ३. | गणित | ४२ | ३४ | ३६ |
| ४. | सामाजिक | ४२ | ४१ | ३९ |
| ५. | विज्ञान | ४५ | ४० | ३२ |
| ६. | ऐ. अंग्रेजी | ३९ | ३५ | २७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

औषत उपलब्धि नजिकीकरणमा राखिएको छ ।

माथिको तालिकालाई केलाउदा २०६६ सालमा कक्षा ३ का सबै विषयहरूको औषत उपलब्धि अन्य सालको तुलनामा राम्रो रहेको छ भने २०६७ सालमा कम हुदै गएर २०६८ सालमा उपलब्धि स्तर अझ खस्केको देखिन्छ । वि.स. २०६६ सालमा नेपाली, विज्ञान विषयमा दोस्रो श्रेणी अन्तरगत ४६ र ४५ औषत अङ्क पाइएको छ भने अरू विषयको औषत उपलब्धि तेस्रो श्रेणी अन्तरगत रहेको छ । २०६७ सालको सबै विषयमा औषत उपलब्धि तेस्रो श्रेणी अन्तरगत रहेको छ जसमा सबैभन्दा बढि औषत अङ्क ४१ सामाजिक विषयमा छ भने अंग्रेजी र गणित विषयमा सबैभन्दा कम औषत अङ्क ३४/३४ रहेको छ । वि.स. २०६८ सालमा अनिवार्य अंग्रेजीमा औषत अङ्क ३१ र २७ क्रमशः उत्तीर्ण दर भन्दा कम रहेको छ भने अन्य विषयमा उत्तीर्ण दरको हाराहारीमा औषत अङ्क रहेको छ ।

तालिका नं.-१२

कक्षा - ४ का मुसहर बालबालिकाको विषयगत शैक्षिक उपलब्धि

| क.सं. | बर्ष | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|---|
| | विषय | औषत उपलब्धि | औषत उपलब्धि | औषत उपलब्धि |
| १. | नेपाली | ३५ | २८ | २६ |
| २. | अंग्रेजी | ३३ | २६ | २५ |
| ३. | गणित | ३२ | ३० | ३२ |
| ४. | सामाजिक | ४२ | ३५ | २६ |
| ५. | विज्ञान | ३७ | ३३ | २६ |
| ६. | ऐ.अंग्रेजी | ३२ | २८ | २४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

औषत उपलब्धि नाजिकीकरणमा राखिएको छ ।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा वि.स. २०६६ सालमा उत्तीर्णाङ्क दर भन्दा माथि औषत अङ्क प्राप्त गरी वि.स. २०६७ र २०६८ सालको भन्दा उपलब्धि स्तर राम्रो देखिन्छ । २०६६ सालमा सबै भन्दा बढी औषत अङ्क ४२ सामाजिक विषयमा रहेको छ भने सबै भन्दा कम औषत अङ्क ३२/३२ गणित र ऐ. अंग्रेजीमा रहेको छ । त्यसरी नै २०६७ सालमा सामाजिक र विज्ञानमा औषत अङ्क ३५ र ३३ रहेको छ भने अन्य विषयमा उत्तीर्णाङ्क दर भन्दा कम रहेको छ । त्यस्तै वि.स.२०६८ सालमा गणितमा मात्र औषत अङ्क ३२ रहेको छ भने अरू विषयमा उत्तीर्णाङ्क दर भन्दा कम औषत अङ्क रहेको छ ।

तालिका न.- १३

कक्षा - ५ का मुसहर बालबालिकाको विषयगत शैक्षिक उपलब्धि

| क.स. | बर्ष | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|---|
| | विषय | औषत उपलब्धि | औषत उपलब्धि | औषत उपलब्धि |
| १. | नेपाली | ३८ | ३० | ३२ |
| २. | अंग्रेजी | ३६ | २५ | २८ |
| ३. | गणित | ३८ | २८ | २९ |

| | | | | |
|---|---|---|---|---|
| ४. | सामाजिक | ३८ | ३४ | ३२ |
| ५. | विज्ञान | ४१ | ३२ | ३२ |
| ६. | ऐ.अंग्रेजी | ३६ | २४ | २८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

औषत उपलब्धि नजिकीकरणमा राखिएको छ ।

प्रस्तुत तालिकामा पनि २०६६ सालको नै विषयगत उपलब्धि अरु सालको तुलनामा राम्रो रहेको छ । सबै औषत अङ्कहरू तेस्रो श्रेणी अन्तरगत रहेका छन् । सबै भन्दा बढी विज्ञानमा औषत अङ्क ४१ रहेको छ भने सबै भन्दा कम अनिवार्य अंग्रेजीमा र ऐ. अंग्रेजीमा औषत अङ्क क्रमशः ३६/३६ रहेको छ । वि.स. २०६७ सालमा सामाजिक र विज्ञानमा उत्तीर्ण दर भन्दा बढी ३४ र ३२ औषत अङ्क रहेको छ भने अरु बिषयहरूमा उत्तीर्णाङ्कदर भन्दा कम रहेको देखिन्छ । त्यसै गरी २०६८ सालमा नेपाली, सामाजिक र विज्ञान विषयमा क्रमशः औषत अङ्क ३२,३२,३२ रहेको छ भने बाँकी तीनवटा विषयमा उत्तीर्णाङ्कदर भन्दा औषत अङ्क कम रहेको देखिन्छ ।

तालिका न.-१४

कक्षा - १ देखि ५ सम्मको विषयगत शैक्षिक उपलब्धि

| क.सं. | बर्ष | २०६६ | २०६७ | २०६८ |
|---|---|---|---|---|
| | विषय | औषत उपलब्धि | औषत उपलब्धि | औषत उपलब्धि |
| १. | नेपाली | ४० | ३५ | ३३ |
| २. | अंग्रेजी | ३७ | ३० | ३१ |
| ३. | गणित | ३७ | ३३ | ३५ |
| ४. | सामाजिक | ३९ | ३६ | ३६ |
| ५. | विज्ञान | ४१ | ३६ | ३४ |
| ६. | ऐ.अग्रेजी | ३७ | ३० | ३० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

औषत उपलब्धि नजिकीकरणमा राखिएको छ ।

माथिको तालिकाको आधारमा कक्षा १ देखि ५ सम्मको विषयगत उपलब्धिको औषत अङ्कलाई नियाल्दा २०६६ सालको औषत उपलब्धि नै अरु सालको भन्दा राम्रो रहेको छ । यस सालमा सबै बिषयको औषत अङ्क उत्तीर्णाङ्कदर भन्दा कम छैन । सबै औषत अङ्क तेस्रो श्रेणी अन्तरगत रहेका छन् । सबै भन्दा बढी औषत अङ्क ४१ विज्ञान बिषयमा रहेको छ भने सबै भन्दा कम अंग्रेजी, गणित र ऐ.अंग्रेजीमा क्रमशः ३७,३७,३७ रहेको छ । त्यसै गरी २०६७ सालमा अनिवार्य अंग्रेजी र ऐ.अंग्रेजीमा औषत अङ्क ३०/३० उत्तीर्णाङ्कदर भन्दा कम रहेको छ । यसरी नै २०६८ सालमा पनि अ.अंग्रेजी र ऐ.अंग्रेजीमा औषत अङ्क ३१ र ३० उत्तीर्णाङ्कदर भन्दा कम रहेको छ भने अन्य बिषयको औषत अङ्क तेस्रो श्रेणी अन्तरगत रहेको छ ।

यसरी तीन वटै सालको बिषयगत औषत उपलब्धिलाई अध्ययन गर्दा सबै भन्दा राम्रो २०६६ सालमा विज्ञान बिषयमा औषत अङ्क ४१ र सबै भन्दा कम २०६७ सालमा अ.अंग्रेजीमा ३० र ऐ.अंग्रेजीमा ३० छ भने २०६८ सालमा पनि ऐ.अंग्रेजीमा ३० नै औषत अङ्क रहेको छ । वि.सं. २०६६ सालको शैक्षिक उपलब्धि भन्दा वि.सं. २०६७ साल र वि.सं. २०६८ सालको शैक्षिक उपलब्धि समग्रमा घट्दो क्रममा रहेको पाइन्छ ।

तालिका नं. १५

कक्षा ४ का छात्र र छात्राहरूको शैक्षिक उपलब्धि

| क्र.सं. | बर्ष | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|---|
| | बिषय | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १. | नेपाली | 34 | 34 | 24 | 34 | 24 | 27 |
| २. | अंग्रेजी | 35 | 30 | 24 | 29 | 27 | 21 |
| ३. | गणित | 32 | 32 | 30 | 30 | 31 | 33 |
| ४. | सामाजिक | 41 | 41 | 30 | 40 | 30 | 29 |
| ५. | विज्ञान | 36 | 37 | 30 | 36 | 28 | 28 |
| ६. | ऐ.अग्रेजी | 35 | 28 | 27 | 28 | 24 | 24 |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।


औषत उपलब्धि नजिकीकरणमा राखिएको छ ।

प्रस्तुत तालिकालाई अध्ययन गर्दा वि.सं. २०६६ सालको छात्र छात्राको औषत उपलब्धि वि.सं. २०६७ र २०६८ भन्दा राम्रो रहेको छ। वि.सं. २०६६ सालमा छात्रको उच्च औषत अङ्क सामाजिक विषयमा ४१ र न्यून गणितमा ३२ रहेको छ भने छात्रातर्फ सामाजिक विषयमा नै उच्च औषत अङ्क ४१ र न्यून ऐ.अङ्ग्रेजीमा २८ रहेको छ। वि.सं. २०६७ सालमा छात्र तर्फ सबै विषयमा उत्तीर्णाङ्क दर भन्दा कम औषत अङ्क रहेको छ भने छात्रातर्फ उच्च अङ्क सामाजिकमा ४० र ऐ. अङ्ग्रेजीमा २८ न्यून औषत अङ्क रहेको छ। त्यस्तै वि.सं. २०६८ सालमा पनि छात्रको सबै विषयमा उत्तीर्णाङ्क दरभन्दा कम औषत अङ्क रहेको छ भने छात्रातर्फ गणित विषयमा मात्र ३३ औषत अङ्क प्राप्त गरी उत्तीर्णाङ्क दरभन्दा बढी रहेको देखिन्छ।

तालिकामा प्रस्तुत कक्षा-४ का छात्र छात्राहरूको शैक्षिक उपलब्धिलाई स्तम्भ चित्रमा देखाउँदा :


चित्र नं. १

वि.सं. २०६६ सालको कक्षा ४ का छात्र छात्राको शैक्षिक उपलब्धि




चित्र नं. २

वि.सं. २०६७ सालको कक्षा ४ का छात्र छात्राको शैक्षिक उपलब्धि




चित्र नं. ३

वि.सं. २०६८ सालको कक्षा ४ का छात्र छात्राको शैक्षिक उपलब्धि



यस तथ्याङ्कबाट के देखिन्छ भने वि.सं. २०६६, २०६७ र २०६८ तीनवटै सालमा कक्षा ४ मा छात्राहरूको भन्दा छात्रहरूको सबै विषयमा औषत अङ्क बढी रहेको पाइन्छ । यसो हुनुमा छात्राहरूलाई घरायसी कार्यमा बढी सहभागिता गराउने भएकाले गर्दा नै भएको देखिन्छ भने समग्रमा हेर्दा मुसहर छात्र छात्रा दुवैको औषत उपलब्धि राम्रो देखिँदैन ।

तालिका नं. १६

कक्षा ५ का छात्र र छात्राहरूको शैक्षिक उपलब्धि

| क्र. | बर्ष | २०६६ | | २०६७ | | २०६८ | |
|---|---|---|---|---|---|---|---|
| सं. | विषय | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १. | नेपाली | 41 | 39 | 30 | 30 | 35 | 29 |
| २. | अंग्रेजी | 35 | 36 | 26 | 24 | 29 | 24 |
| ३. | गणित | 41 | 36 | 29 | 28 | 30 | 28 |
| ४. | सामाजिक | 40 | 36 | 37 | 31 | 33 | 31 |
| ५. | विज्ञान | 45 | 36 | 34 | 31 | 35 | 29 |
| ६. | ऐ.अग्रेजी | 37 | 34 | 27 | 21 | 31 | 25 |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।


औषत उपलब्धि नजिकीकरणमा राखिएको छ ।

माथिको तालिकालाई अध्ययन गर्दा वि.सं. २०६६ सालमा सबै विषयमा उत्तीर्णाङ्क दर भन्दा उच्च औषत अङ्क देखिन्छ भने अरू सालमा सबै विषयमा उत्तीर्णाङ्क दरभन्दा उच्च औषत अङ्क नरहेको पाइन्छ । वि.सं. २०६६ सालमा छात्रहरूको उच्च औषत अङ्क विज्ञान विषयमा ४५ र न्यून अङ्ग्रेजीमा ३५ अङ्क रहेको पाइन्छ । त्यस्तै छात्राहरूको तर्फ उच्च औषत अङ्क नेपालीमा ३९ र न्यूनमा ऐ.अङ्ग्रेजीमा ३४ रहेको पाइन्छ । वि.सं. २०६७ सालमा छात्रतर्फ उच्च औषत अङ्क सामाजिकमा ३७ र न्यूनमा अङ्ग्रेजीमा २६ देखिन्छ त्यस्तैगरी छात्रातर्फ सबै विषयमा उत्तीर्णाङ्क दरभन्दा औषत अङ्क कम रहेको देखिन्छ । त्यस्तै गरी वि.सं. २०६८ सालमा छात्रतर्फ उच्च औषत अङ्क नेपाली र विज्ञानमा ३५/३५ र न्यूनमा अङ्ग्रेजीमा २९ रहेको छ भने छात्रातर्फ सबै विषयमा उत्तीर्णाङ्क दरभन्दा औषत अङ्क कम रहेको देखिन्छ ।

तालिकामा प्रस्तुत कक्षा - ५ का छात्र छात्राहरूको शैक्षिक उपलब्धिलाई स्तम्भ चित्रमा देखाउँदा :


चित्र नं. ४

वि.सं. २०६६ सालको कक्षा ५ का छात्र छात्राको शैक्षिक उपलब्धि





चित्र नं. ५

वि.सं. २०६७ सालको कक्षा ५ का छात्र छात्राको शैक्षिक उपलब्धि



चित्र नं. ६

वि.सं. २०६८ सालको कक्षा ५ का छात्र छात्राको शैक्षिक उपलब्धि




यस तथ्याङ्कबाट के देखिन्छ भने कक्षा ५ मा वि.सं. २०६६, २०६७ र २०६८ सालमा छात्रको छात्राको भन्दा सबै विषयमा औषत उपलब्धि बढी रहेको पाइन्छ । तर छात्रको औषत उपलब्धि पनि राष्ट्रिय स्तरको मापन प्रथम श्रेणी अन्तर्गत कुनै पनि विषयको औषत अङ्क भएको देखिँदैन ।

## ४.३. अभिभावक, प्र.अ., शिक्षक, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तथा विद्यार्थीबाट प्राप्त शैक्षिक उपलब्धि प्रतिको दृष्टिकोण

अध्ययनको कममा नमूना क्षेत्र भित्रका अभिभावक, विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. का अध्यक्ष लगाएत विद्यार्थीसँग समेत अन्तरवार्ता लिइएको थियो जसको विश्लेषण कमश:तल गरिएको छ ।

### ४.३.१. मुसहर अभिभावकको शैक्षिक उपलब्धि प्रतिको दृष्टिकोण

मुसहर अभिभावकको शैक्षिक उपलब्धि प्रतिको धारणा बुझ्नको लागि छनोटमा परेका प्रत्येक विद्यालयबाट ४/४ जनाका दरले १६ जना मुसहर अभिभावकसँग अन्तरवार्ता लिइएको थियो जस अन्तरगत धेरै अभिभावकको शिक्षा प्रतिको धारणा सकारात्मक नै

पाइयो यद्यपि उनीहरूको आर्थिक अवस्था कमजोर भएका कारण छोराछोरीहरूलाई उच्च शिक्षा दिन नसक्ने धारणा व्यक्त गरे ।

प्रश्नोत्तरको क्रममा घरायसी कार्यको कारणले नै बालबालिकाहरूलाई नियमित रुपमा विद्यालय पढाउन नसकेको साथै आफु पनि निरक्षर भएका कारण गृहकार्यमा सहयोग गर्न नसकेकाले शैक्षिक उपलब्धि कमजोर रहेको कुरा अभिभावकले स्वीकारेको पाइयो । बालबालिकाहरूको शैक्षिक उपलब्धि माथि नउक्सिनु को कारण के हुन सक्छ भनि सोधिएको प्रश्नमा प्रयाप्त मात्रमा कापी कलम जस्ता सामाग्री उपलब्ध गराउन नसकेको र सरकारले दिइएको छात्रवृत्ति पनि घरायसी खर्चमा प्रयोग गर्नुपर्ने भएको कारण पनि बालबालिकाको सिकाइमा प्रभाव परेको छ भन्ने कुरा बताएका थिए । तपाईले छोराछोरीलाई कति सम्म पढाउने बिचार गर्नु भएको छ भनि सोधिएको प्रश्नमा उनिहरूको निर्णय गर्ने ठाउँमा पहुँच नभएका कारण पढ्नुको सार्थक उपलब्धि नभएको गुनासो अधिकांश मुसहर अभिभावकहरूले व्यक्त गरेका थिए ।

### ४.३.२. प्र.अ. तथा शिक्षकहरूको शैक्षिक उपलब्धि प्रतिको दृष्टिकोण

प्र.अ. तथा शिक्षकहरूको धारणा बुभ्कनका लागि नमुनामा परेका विद्यालयका १/१ जना प्र.अ. र ३/३ जना शिक्षकहरूसँग शैक्षिक उपलब्धि लगायत यसमा कमी आउनुमा के कारण छ भनी विविध विषयमा प्रश्नोत्तर को प्रयोग गरी उनीहरूको धारणा बुभ्कने प्रयास गरियो । जस अन्तरगत मुसहर बालबालिकाको उपस्थिति नियमित नरहेको र त्यसमा पनि छात्राको सङ्ख्या न्यून मात्रामा रहेको र विगतको तुलनामा उनीहरूमा केहि शैक्षिक सचेतता जागरण भएता पनि खासै उल्लेखनीय सहभागिता भने नरहेको देखियो ।

मुसहर बालबालिकाहरूले विद्यालयमा कस्ता व्यवहार प्रर्दशन गर्ने गरेका छन् र शैक्षिक क्रियाकलापमा समूहगत सहभागिताको बारेमा बुभ्कदा खासगरी उनीहरू समाजमा दोस्रो दर्जाको नागरिकको रुपमा देखापरेको साथै नागरिक अधिकार, मानव अधिकार र मौलिक अधिकारबाट बञ्चित रहेका कारण त्यसको असर शैक्षिक उपलब्धिमा प्रत्यक्ष रुपमा पर्न गएको यर्थाथता देखियो । यसरी उनीहरूको सामाजिक पृष्ठभूमि नै फरक भएको कुरा प्र.अ. तथा शिक्षकले स्वीकारेका थिए । मुसहर बालबालिकाको तल्ला कक्षामा शैक्षिक उपलब्धिस्तर राम्रो भएको तर माथिल्लो तहमा नगन्य मात्रामा रहेको देखियो । यसै गरि उनीहरूको शैक्षिक स्तर उकास्न के गर्नु पर्ला भन्ने प्रश्नमा उनिहरूको शैक्षिक, आर्थिक,

भौतिक सुविधामा सहयोग, पेशागत आरक्षण, सबैका लागि नि:शुल्क र अनिवार्य शिक्षाको व्यवस्था, सामाजिक कियाकलापमा निष्पक्ष सहभागिता र दलित वर्गलाई लक्षित गरी सामाजिक चेतनाका कार्यक्रम, प्रभावकारी खाजाको व्यवस्था, स्वास्थ्य उपचारको व्यवस्था, स्थानीय स्तरबाटै चेतनाको अभियान, कापि, कलम, पोशाक, झोला आदिको नि:शुल्क व्यवस्था गर्न सके मात्र शैक्षिक उपलब्धि सन्तोष जनक हुनसक्ने धारणा प्र.अ. तथा शिक्षकहरूले व्यक्त गरेका थिए । त्यसै गरी मुसहर विद्यार्थीहरू भर्ना भएपछि निरन्तर विद्यालय नआई छात्रवृत्ति बाड्न थाले पछि मात्र आउने र विद्यालयले लिने परीक्षाहरूमा पनि सबैजना सामेल नहुने अभिव्यक्ति प्रकट गरेको समेत पाइयो ।

### ४.३.३. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको शैक्षिक उपलब्धि प्रतिको दृष्टिकोण

अध्ययन क्षेत्र भित्रका विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरूसँग शैक्षिक उपलब्धि सम्बन्धि अन्तरवार्ता लिइएको थियो । जसमा श्री विष्णु उ.मा.वि.का अध्यक्ष श्री विश्वनाथ राई र श्री ज्ञानोदय नि.मा.वि.का अध्यक्ष श्री महेश ठाकुरले मुसहर विद्यार्थीको शैक्षिक उपलब्धि न्यून रहेको कुरा बताएका थिए । यसो हुनुमा मुसहर बालबालिकाका अभिभावकहरू अशिक्षित हुनु, आर्थिक रुपले कमजोर हुनु, विद्यार्थीहरू नियमित विद्यालय नआउनु, घरमा शैक्षिक वातावरण नहुनु, गृहकार्य नगर्नु साथै सामाजिक परिवेशले पनि साथ नदिनु जस्ता कारणहरू रहेका छन् भन्ने कुराहरू व्यक्त गरेका थिए । मुसहर बालबालिकाको शैक्षिक उपलब्धि वृद्धि गर्न के- कस्ता कार्य गर्नु भएको छ भनी सोधिएको प्रश्नमा व्यवस्थापन समितिको तर्फबाट विशेष किसिमको कुनै पनि कार्यक्रम सञ्चालन नगरिएको तर सरकारले प्रदान गर्दै आएको सेवा सुविधामा भने कुनै किसिमको कमी नगरी जस्ताको तस्तै प्रदान गरिएको अभिव्यक्ति प्रकट गरे । उनीहरूको शैक्षिक उपलब्धिलाई वृद्धि गर्न सरकारले विद्यालय अनुगमन र निरीक्षणलाई कडाईकासाथ लागू गर्नु पर्ने साथै मातृभाषाबाट प्राथमिक तहसम्म शिक्षा दिनु पर्ने सुझाव समेत दिएका थिए ।

### ४.३.४. मुसहर विद्यार्थीहरूको शैक्षिक अवस्था र शैक्षिक उपलब्धि प्रतिको दृष्टिकोण

अध्ययन क्षेत्रका छनोटमा परेका विद्यार्थीहरूसँग शैक्षिक अवस्था र शैक्षिक उपलब्धि प्रतिको दृष्टिकोण बुझ्न अन्तरवार्ता लिइएको थियो । विद्यालयमा शिक्षकले खासै भेदभावपूर्ण व्यवहार दृश्यात्मक रुपले नगरे पनि अदृश्यात्मक रुपमा मुसहर बालबालिकामा पक्षपातपूर्ण व्यवहार गरेको अनुभव बताए । कक्षामा छलफल, प्रश्नोत्तर गर्ने कममा शिक्षकले गैर दलित

तर्फका बालबालिकालाई केहि ग्राहयता दिने गरेको तर कक्षामा भने एउटै बेन्चमा बसेर सामुहिक क्रियाकलाप भने गर्न सकेको बताए । त्यस्तै गैर मुसहर विद्यार्थीले गर्ने व्यवहारका सम्बन्धमा सोधिएको प्रश्नमा उनिहरूसँग एउटै बेन्चमा बस्दा, पानी खादा, सगै खाजा खादा गिज्याउने गरेको र यो माथिल्लो कक्षामा भन्दा तल्लो कक्षामा बढी मात्रामा हुने गरेको जानकारी दिएका थिए । घरमा कति समय अध्ययन गर्छौं भन्ने प्रश्नको जवाफमा धेरै अध्ययन गर्न समय नपाउने यसको कारण आमाबाबुलाई काममा सहयोग गर्नु पर्ने नगरे खाना लाउन समेत झन कठिन पर्न सक्ने धारणा व्यक्त गरे । तिमीहरूले विद्यालयमा राम्रो शिक्षा हासिल गर्ने, जागिर खाने र जीवन स्तर उकास्ने जस्ता कार्यमा संलग्न हुने चाहाना राखेका छौ भन्ने छलफलमा यस्तो दिवा सपनाता देखिन्छ तर विविध कारणले गर्दा यी सब कुराहरू पुरा हुन सक्दैनन् भन्ने कुराहरू व्यक्त गरे । गैर मुसहर विद्यार्थीहरूको शैक्षिक उपलब्धि किन बढी हुन्छ भन्ने प्रश्नमा गैर मुसहर विद्यार्थीहरूको घरमा हरेक क्षेत्रमा सहज वातावरण भएका कारणलेनै उनिहरूले बढी मात्रामा शैक्षिक उपलब्धि प्राप्त गर्न सक्ने धारणा दिए । तुलनात्मक रुपले अध्ययनप्रति रुचि, पारिवारिक चेतना, आर्थिक अवस्था आदिले मुसहर भन्दा फरक परिस्थिति भएका कारणले नै गैर मुसहर विद्यार्थीहरूले राम्रो उपलब्धि हासिल गरेको स्वीकार गरे ।

मुसहर जातिका बालबालिकाहरूको शैक्षिक उपलब्धि प्रतिको दृष्टिकोणलाई अध्ययन गर्दा औषत उपलब्धि कम रहेको देखिन्छ । जसको कारण घरमा शैक्षिक वातावरण नहुनु, सामाजिक परिवेश शिक्षाप्रति अनुकूल नहुनु, आर्थिक अभाव हुनु, शिक्षित अभिभावक नहुनु जस्ता रहेका छन् । मुसहर बालबालिकाहरूमा पनि नियमित रूपमा विद्यालय गएर शिक्षा हासिल गर्नुपर्छ भन्ने धारणा नभएको पाइन्छ । यसमा सुधार ल्याउनका लागि सरकारी तवरबाट प्रदान गर्दै आएको अनुदान नीति तथा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउँदै स्थानीय स्तरमा नै जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

इभान पी. प्यावलव (१८४९-१९३६) ले उन्नाइसौं शताब्दीको सुरुमा प्रतिपादन गरेको सिकाइ सिद्धान्त सम्बन्ध प्रत्यावर्तन सिकाइ हो । यस सिद्धान्तमा सिकाइलाई उत्तेजना र प्रतिक्रियासँग आबद्ध गरेर वर्णन गरिएको छ । सम्बन्ध प्रत्यावर्तनको सिकाइ भनेको स्वभाविक उत्तेजना वा प्राकृतिक उत्तेजना र अस्वाभाविक उत्तेजना वा कृत्रिम उत्तेजनाको सम्बन्ध स्थापित गरी अस्वभाविक उत्तेजनाबाट स्वभाविक प्रतिक्रिया देखाउनुको फलस्वरूप

व्यवहारमा परिवर्तन आउनु हो । बालबालिकाको सिकाइमा पनि स्वभाविक उत्तेजना र अस्वभाविक उत्तेजनाको सम्बन्ध स्थापित गरेर अस्वभाविक उत्तेजनाबाट पनि स्वभाविक प्रतिक्रिया प्राप्त गर्न सकिन्छ । बालबालिकाको सिकाइ क्रियाकलापमा यस सिद्धान्तलाई प्रयोग गर्न सकिन्छ । सिकाइको मुख्य अभिप्राय बालबालिकाको व्यवहारमा परिवर्तन गराउनु हो । यस सिकाइ सिद्धान्तले पनि व्यवहारमा परिवर्तन गराउन खोजेको छ । यस सिद्धान्तको माध्यमद्धारा बालबालिकामा असल बानी निमार्ण र अनुशासनको शिक्षण सिकाइ हुन्छ, नचाहिँदा प्रतिक्रिया हट्छन् । फलस्वरूप शैक्षिक उपलब्धिमा वृद्धि गर्न सकिन्छ । त्यसैले यो सिकाइ सिद्धान्तको उपादेयता बालकको सिकाइसँग सम्बन्धित रहेको मान्न सकिन्छ ।

## परिच्छेद - पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

### ५.१. प्राप्ति

"मुसहर जातिक बालबालिकाको शैक्षिक उपलब्धिको अवस्था" सम्बन्धमा गरिएको यो शोधकार्य सुनसरी जिल्ललाका ४ वटा विद्यालयलाई अध्ययन क्षेत्र बनाई अध्ययन गरिएको थियो । यो कार्यक्रम सञ्चालन गरेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यालपय व्यवस्थापन समितिका अध्यक्ष र विद्यार्थीहरूमा अनुसूचीमा दिए बमोजिमको प्रश्नावली तथा दस्तावेज अध्ययनबाट प्राप्त गरिएका सूचनाहरूलाई विश्लेषण गर्दा निम्नानुसारको तथ्यहरू पत्ता लागेका छन् ।

### ५.१.१. मुसहर बालबालिकाको शैक्षिक अवस्था सम्बन्धी

क) तह बमोजिम अध्ययन गर्दा मुसहर बालबालिकाको भर्ना स्थिति न्यून पाइयो ।

ख) समग्रमा २०६६ सालमा भन्दा २०६७ र २०६८ मा क्रमशः विद्यार्थी भर्नाको स्थिति ३ वटा विद्यालयमा घटेको पाइयो ।

ग) दुई वटा विद्यालयमा छात्र र छात्राको सङ्ख्या बराबर पाइयो भने अरु दुई वटा विद्यालयमा  छात्रा र छात्रको सङ्ख्या फरक फरक पाइयो ।

घ) मुसहर अभिभावकहरू अशिक्षाको कारणले गर्दा हेपिने र दुःख पाउने गरेको पाइयो ।

ङ) शिक्षामा सहभागिता का हुनुको कारण स्थानिय प्रशासन र सरकारले यथेष्ट सहयोग नगरेको गुनासो पाइयो ।

च) शिक्षामा बढी भन्दा बढी सहभागी गराउनका लागि निःशुल्क पाठ्यपुस्तक दिए पनि अन्य कापी, कलम, झोला, खाजाको प्रभावकारी व्यवस्था नभएको पाइयो ।

छ) आफ्नै खेतीपाती, रोजगारी, व्यापार व्यावसाय नभएकोले विद्यार्थी उपस्थिति कम भएको पाइयो ।

ज) शैक्षिक वातावरण घरमा नहुनुले पनि विद्यार्थी भर्ना कम भएको पाइयो ।

झ) मुसहर जातिका शिक्षकहरू कुनै पनि विद्यालयमा पाइएन ।

ञ) मुसहर र गैर मुसहर विद्यार्थीहरू बीच केहि कुरामा समानता भए पनि विद्यालय उपस्थिति न्यून र सरसफाइमा ध्यान नदिएको पाइयो ।

ट) विद्यालयमा शिक्षकले दृश्यात्मक रुपले भेदभाव नगरे पनि अदृश्यात्मक रुपले भेदभाव गर्ने गरेको विद्यार्थीहरूको अभिव्यक्ति पाइयो ।

ठ) आर्थिक अवस्था कमजोर भएकाले मुसहर बालबालिकाले उच्च शिक्षा हासिल गर्न नसकेको पाइयो ।

ड) सरकारले प्रदान गरेको छात्रवृत्ति घर खर्चमा प्रयोग गर्ने गरेको पाइयो ।

ढ) अभिभावक निरक्षर भएका कारण छोराछोरीलाई गृहकार्यमा सहयोग गर्न नसकेको पाइयो ।

ण) निती निर्माण र निर्णय गर्ने ठाँउमा पहुँच नभएका कारण पढ्नुको सार्थकता नभएको गुनासो पाइयो ।

**५.१.२. मुसहर बालबालिकाको शैक्षिक उपलब्धि सम्बन्धी**

क) राष्ट्रिय मापदण्डको आधार अनुरुप प्रथम श्रेणी भित्र कुनै पनि बिषयको औषत अङ्क पाइएन ।

ख) कक्षा १ को नेपाली बिषयको २०६७ र २०६८ सालमा औषत अङ्क ४८/४८ द्धितीय श्रेणी अन्तरगत रहेको पाइयो साथै २०६८ सालमा विज्ञानमा पनि औषत अङ्क ४८ नै पाइयो ।

ग) कक्षा १ को २०६६,२०६७,२०६८ सालमा औषत उपलब्धि उत्तीर्णाङ्क दर भन्दा बढी पाइयो ।

घ) कक्षा २ मा वि.स. २०६६ मा अंग्रेजी बिषयमा सबैभन्दा बढी औषत अङ्क ४० र न्यूनमा वि.स. २०६७ र २०६८ मा ऐ.अंग्रेजीमा २७/२७ पाइयो ।

ङ) कक्षा ३ मा वि.स. २०६६ सालमा नेपालीमा उच्च औषत अङ्क ४६ र न्यूनमा ऐ. अंग्रेजीमा २०६८ सालमा २७ पाइयो ।

च) कक्षा ४ मा वि.स.२०६६ सालमा सामाजिक बिषयमा सबै भन्दा बढी औषत अङ्क ४२ छ भने न्यूनमा २०६८ सालमा ऐ.अंग्रेजीमा २४ अङ्क पाइयो ।

छ) कक्षा ५ मा वि.स. २०६६ सालमा विज्ञानमा उच्च औषत अङ्क ४१ र न्यूनमा २०६७ मा ऐ.अंग्रेजीमा २४ अङ्क पाइयो ।

ज) कक्षा १-५ सम्मको शैक्षिक उपलब्धिमा वि.स. २०६६ मा विज्ञान बिषयमा उच्च औषत अङ्क ४१ र न्यूनमा २०६७ मा अंग्रेजी, ऐ.अंग्रेजीमा औषत अङ्क ३०/३० र २०६८ सालमा ऐ. अंग्रेजीमा ३० अङ्क पाइयो ।

झ) मुसहर बालबालिकाको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो ।

ञ) मुसहर बालबालिकाहरूबाट समाजमा दास्रो दर्जाको नागरिकको रुपमा रहेको अभिव्यक्ति पाइयो ।

ट) शैक्षिक स्तर उकास्न आर्थिक, भौतिक सुविधामा सहयोग, पेशागत आरक्षण, अनिवार्य शिक्षाको व्यवस्था, स्वास्थ्य उपचार, सामाजिक क्रियाकलापमा निश्पक्ष सहभागिता, कापी, कलम, पोशाक, झोला, आदिको व्यवस्था हुनु पर्ने कुरामा जोड दिइएको पाइयो ।

ठ) मुसहर विद्यार्थीको भन्दा गैर मुसहर विद्यार्थीको शैक्षिक उपलब्धि राम्रो भएको पाइयो ।

ड) मुसहर र गैर मुसहर विद्यार्थीहरू सँगै बसेर सामुहिक क्रियाकलाप गर्ने गरेको तर खाजा खादा, पानी खाँदा गिज्याउने गरेको पाइयो ।

ढ) घरमा कति समय पढ्छौ भन्ने प्रश्नको उत्तरमा घरायसी काम गर्नु पर्ने भएकोले पढ्ने समय नहुने कुरा बताए ।

ण) भर्ना भए पनि धेरै मुसहर विद्यार्थीहरू परीक्षामा सामेल नभएको पाइयो ।

त) कक्षा ४ र ५ का छात्र छात्रा बीचको तुलना गर्दा छात्रहरूको शैक्षिक उपलब्धि छात्राहरूको भन्दा उच्च रहेको पाइयो ।

थ) वि.सं. २०६६ सालमा वि.सं. २०६७ र वि.सं. २०६८ को तुलनामा छात्र छात्रा दुवैको औषत उपलब्धि अङ्क बढी रहेको पाइयो ।

द) छात्राहरूको भन्दा छात्रहरूको शैक्षिक उपलब्धि राम्रो भएको पाइयो ।

## ५.२ निष्कर्ष

"मुसहर जातिका बालबालिकाको शैक्षिक उपलब्धिको अवस्था" को विश्लेषणमा आधारित भएर गरिएको यस शोध कार्यको प्राप्तिलाई अध्ययन र मनन गरी निम्न अनुसारको निष्कर्षलाई अघि सारिएको छ ।

सरकारी तवरबाट मुसहर बालबालिकाहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएता पनि शिक्षामा सहभागिता तुलनात्मक रुपले कम रहेको पाइन्छ । यसका मूख्य कारणहरू पहिल्याउँदा देखिएका समस्याहरूमा अधिकांश मुसहरहरूसँग जग्गा जमिन नहुनु, भएता पनि ज्यादै कम हुनु, गरिबीको कारणले अरुकोमा गएर काम गर्नु पर्ने अवस्था रहेको, किताब, कापी, कलम, पोशाक, झोला किन्न पैसाको अभाव हुनु, घरका सदस्यहरू अशिक्षित भएको कारणले शैक्षिक वातावरण घरमा नहुनु, शैक्षिक बेरोजगारी देखिनु तथा शिक्षाबाट तुरुन्त प्रतिफल नहुनु जस्ता कारणबाट तुरुन्त अन्य पेशामा आकर्षित हुने परम्परागत सोच विद्यमान रहनु, लैङ्गिक विभेदको अन्त्य नहुनु, परीक्षामा अनुत्तीर्ण हुनु, अभिभावकको स्वभावबाट बालबालिकाहरू प्रभावित हुनु, स्वयं आफुलाई तल्लो जातको मानिस ठान्ने प्रवृतिहरू देखिनु, मुसहर अभिभावक निरक्षर हुनु जस्ता कारणले गर्दा विद्यालयमा बालबालिकाको सहभागितामा कमि देखियो ।

मुसहर बालबालिकाको शैक्षिक उपलब्धि स्तर न्यून रहेको छ । कक्षा-१ को नेपाली विषयको २०६७ र २०६८ सालको औषत अङ्क ४८ नै सबै कक्षाको सबै विषयहरूमा उच्च अङ्कको रुपमा रहेको छ । जुन राष्ट्रिय मापदण्डको आधारमा दोस्रो श्रेणी अन्तर्गत पर्दछ भने सबै भन्दा कम ऐ.अंग्रेजीमा २०६७ सालमा २४ औषत अङ्क रहेको छ । कक्षा १ देखि ५ सम्मको विषयगत शैक्षिक उपलब्धिमा २०६६ सालको विज्ञान विषयमा उच्च औषत अङ्क ४१ र न्यूनमा २०६७ सालमा अंग्रेजी र ऐ.अंग्रजीमा ३०/३० साथै २०६८ सालमा ऐ.अंग्रेजीमा पनि ३० औषत अङ्क रहेको छ । तसर्थ मुसहर बालबालिकाको शैक्षिक उपलब्धि कम रहेको छ । कुनै पनि कक्षाको कुनै पनि विषयमा प्रथम श्रेणीको औषत अङ्क प्राप्त नहुनुमा मुसहर समुदायका अभिभावकले गृहकार्य सिकाउन नसक्नु, यथोचित मात्रामा कापी कलम उपलब्ध गर्न नसक्नु, नियमित रुपले बालबालिकालाई विद्यालय पठाउन नसक्नु, घरमा शैक्षिक वातावरण नहुनु, पढेर पनि काम पाइदैन भन्ने मानसिकता हुनु, आफुलाई दोस्रो दर्जाको नागरिक सरह लिनु यी कारणहरू पर्दछन् । विद्यालयमा भर्ना भए पनि

विद्यालयले लिने गरेको कुनै पनि परीक्षामा धेरै जना विद्यार्थीहरू अनुपस्थित भएको देखियो । वि.सं. २०६६, २०६७ र २०६८ सालको छात्र छात्राको तुलना गर्दा शैक्षिक उपलब्धि छात्रको भन्दा छात्राको न्यून रहेको पाइन्छ । वि.सं. २०६६ सालको औषत अङ्क छात्र छात्रा दुवैको उत्तीर्णाङ्क दर भन्दा माथि रहेको र अन्य सालमा प्रायः कम रहेको पाइयो ।

मुसहर बालबालिकाको शैक्षिक सहभागिता र उपलब्धि बढाउने उपायहरूमा चेतनामुलक कार्यक्रमहरू सञ्चालन हुनु पर्ने, आय आर्जनका श्रोतहरू उपलब्ध गराई अवसर प्रदान गर्नु पर्ने, मुसहरलाई जग्गा जमिनको व्यवस्था हुनु पर्ने, मुसहर बस्तीमा विद्यालय स्थापना हुनु पर्ने, सामाजिक क्रियाकलापमा  निष्पक्ष सहभागि गराउनु पर्ने, स्वास्थ्य सेवा, भर्ना शुल्क, पुस्तक कपि कलम, पोसाक तथा व्यवस्थित दिवा खाजाको व्यवस्था हुनु पर्ने, कार्यमुलक साक्षरता कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्नु पर्ने, जातीय विभेद अन्त्यको लागि गोष्ठि र तालिम सञ्चालन गर्नुपर्ने देखियो । विद्यालयको शिक्षक, औपचारिक र चेतनामुलक तालिमका सहयोगी कार्यकर्ता मुसहर समुदायबाटै व्यवस्था गर्नु पर्ने देखियो । मुसहर बालबालिकाको लागि निर्धारण गरेको छात्रवृत्ति रकम विद्यालयको खर्च पुग्ने गरी दिनु पर्ने साथै प्रोत्साहन स्वरूप थप छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

## ५.३ सुझावहरू

"मुसहर जातिका बालबालिकाको शैक्षिक उपलव्धिको अवस्था" सम्बन्धमा गरिएको शोधकार्यको अनुसन्धानका क्रममा अभिभावक, प्र.अ., शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग प्रश्नावली, अन्तरवार्ता र दस्तावेज अध्ययनबाट प्राप्त सूचनाका आधारमा यो अध्ययन उपलव्धिमूलक रहनुका साथै मुसहर समुदायमा सकारात्मक प्रभाव परेकोले यस कार्यलाई अझ सुदृढ ढङ्गले अगाडी बढाउनका लागि निम्न सुझावहरू पेश गरिएको छ ।

### ५.३.१ मुसहर जातिका बालबालिकाको शैक्षिक अवस्था सम्बन्धी

क) मुसहरलाई शैक्षिक, सामाजिक, धार्मिक र सांस्कृतिक संघ संस्थामा प्रतिनिधित्व गराउने परिपाटिको थालनी गर्नु पर्दछ ।

ख) मुसहरहरूलाई नै परिचालन गरी औपचारिक र अनौपचारिक शिक्षाका कार्यक्रमहरूमा सहभागी गराउनु पर्दछ ।

ग) मुसहर समुदायबाट वा दलित वर्गबाट शिक्षक नियुक्ति गर्ने व्यवस्थालाई अनिवार्य लागू गर्नु पर्दछ ।

घ) विद्यालय र समुदाय बीचको फाटो कम गर्न र मुसहर बालबालिकालाई विद्यालयसम्म लैजान स्थानीय तहको व्यक्तिलाई सहजकर्ताको रुपमा नियुक्ति गरिनु पर्दछ ।

ङ) विद्यालयमा मुसहर र गैरमुसहर जातिका बालबालिका बीच हुने पक्षपातपूर्ण व्यवहार तत्काल हटाउनु पर्दछ र यस सम्बन्धमा अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति र स्रोत व्यक्तिलाई समेत जिम्मेवार बनाउने जस्ता कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

च) वर्तमान अवस्थामा दिदै आएको छात्रवृत्ति रकम रु.४०० ले पढाइ खर्च नपुग्ने भएकोले एक शैक्षिक सत्रमा पढ्दा लाग्ने खर्च निर्धारण गरी छात्रवृत्तिको रकम प्रदान गर्नु पर्दछ ।

छ) विद्यालय शिक्षाबाट वञ्चित प्रौढहरूका लागि प्रौढ कक्षा सञ्चालन गरी पढाइको महत्व नबुझेका मुसहरलाई पढाइको औचित्य र यसबाट हुने फाइदाहरूको बारेका जानकारी दिनु पर्दछ ।

ज) मुसहर बस्ती भएको स्थानमा घरदैलो कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

झ) शैक्षिक बेरोजगारीको अन्त्यको लागि शिक्षा नियमावलीमा भएको व्यवस्थालाई कडाइका साथ लागु गर्नु पर्दछ ।

ञ) मुसहरहरूको आर्थिक प्रगतिको लागि राष्ट्रिय योजना आयोगबाट अल्पकालिन र दीर्घकालिन योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउनु पर्दछ ।

ट) विद्यालय बाहिरका मुसहर बालबालिकालाई विशेष कक्षाको व्यवस्था गरी औपचारीक शिक्षाको मूलधारमा समाहित गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

ठ) दलित अभिभावकहरूको पुराना व्यवसायिक पेशाहरूलाई वर्तमान समय, अवस्था र परिस्थितिसँग मेल खाने किसिमबाट आधुनिकीकरणतिर जोड दिनु पर्दछ ।

ड) सरकारी सञ्चारका माध्यमहरूबाट जातीय छुवाछुत उन्मूलन गर्ने सन्देशहरू बढी भन्दा बढी प्रसारित गरिनु पर्दछ ।

ढ) प्र.अ. तथा शिक्षकहरूले मुसहर बालबालिकाहरू अझै पनि शिक्षाको मूलधारमा नरहेकाले मूलधारमा समेट्न प्रयोगात्मक र व्यवहारिक उपायहरू अबलम्बन गर्नुपर्ने कुराहरूमा जोड दिइएको पाइयो ।

ण) शिक्षामा पहुँच अभिवृद्धि गर्न मुसहर बालबालिकाका अभिभावकहरूलाई उनीहरूकै मातृभाषाबाट जनचेतना मूलक कार्यक्रम गर्नुपर्ने पाइयो ।

त) चेतनामूलक कार्यक्रम र भर्ना अभियान सञ्चालन गर्दा स्थानिय स्तर बाटै व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने ।

थ) बालबालिकालाई मातृभाषाबाट नै शिक्षा दिनु पर्ने ।

**५.३.२ मुसहर जातिका बालबालिकाको शैक्षिक उपलब्धि सम्बन्धी**

क) मुसहरको बस्ती भएको स्थानमा प्राथमिक विद्यालय सञ्चालन गराउने र सो विद्यालयमा मुसहरहरूलाई नै शिक्षकको रूपमा नियुक्ति गरी पठन पाठन व्यवस्थित रूपले सञ्चालन गरिनु पर्दछ ।

ख) दलित छात्रा-छात्रको अनुपातमा भौतिक व्यवस्था, शिक्षक दरबन्दीको व्यवस्था तथा नियमित पठन पाठनको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था स्थानीय अभिभावक र स्रोत व्यक्ति तथा निरीक्षकहरूबाट गराउनु पर्दछ ।

ग) योग्यता पुगेका मुसहरहरूलाई रोजगारीमा प्राथमिकता दिई नियुक्ति दिने तथा शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार महिला र दलितलाई अनिवार्य रूपमा प्रा.वि.दरवन्दीमा नियुक्ति गर्ने ।

घ) आफ्ना सम्पूर्ण बालबालिकालाई विद्यालय पठाउने अभिभावकलाई अभिभावक दिवसमा सम्मान गर्ने र एकमुस्ट केही रकम उपलब्ध गराउनु पर्दछ ।

ङ) दलित बालबालिकालाई छात्रावासको व्यवस्था गरी विद्यालयमा प्रभावकारी खाजाको व्यवस्था गर्नु पर्दछ ।

च) विद्यालयमा पहुँच नहुने मुसहर बालबालिकालाई विहान तथा वेलुका कक्षा सञ्चालन गरी शैक्षिक कार्यक्रम अगाडि बढाउनु पर्दछ साथै पढाइमा कमजोर बालबालिकालाई अतिरिक्त कक्षाको व्यवस्था गर्नु पर्दछ ।

छ) मुसहर बालबालिकाका लागि उसको पुर्खौली पेशालाई अझ सुदृढ र समय सापेक्ष बनाउन सो सम्बन्धी तालिम तथा व्यवसायिक विषयको रूपमा कार्यमूलक शिक्षा दिने व्यवस्था मिलाउने, सैद्धान्तिक र अव्यवहारिक शिक्षाको पूर्णाङ्क घटाउनु पर्दछ ।

ज) विद्यालयको वार्षिक कार्यक्रममा नियमित उपस्थित हुने, प्राप्ताङ्क राम्रो ल्याउने मुसहर बालबालिकालाई उत्प्रेरणाको लागि पुरस्कृत गर्नु पर्दछ ।

झ) विद्यालयमा अध्ययनरत मुसहर छात्रछात्राहरूको प्रगति विवरण सम्बन्धी उनीहरूको अभिभावकसँग छलफल गर्ने र कमी कमजोरीहरू घटाउन नियमितरूपमा सुझाव दिनु पर्दछ ।

ञ) मुसहर बालबालिकाहरूको कक्षा दोहोऱ्याउने र कक्षा बीचैमा छाड्ने प्रवृतिलाई निरुत्साहित गर्नु पर्दछ ।

ट) यस कार्यक्रमलाई अझ प्रभावकारी बनाई लक्षित समूहसम्म पहुँच पुऱ्याउन स्थानीय निकायहरूलाई समेत संलग्न गराई कार्यान्वयन गराउनु पर्दछ ।

ठ) विद्यालयमा प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था मिलाउनु पर्दछ ।

ड) पाठ्यक्रममा सुधार गरी समसामयिक र व्यवहारिक बनाउनु पर्दछ ।

ढ) मुसहर अभिभावकमा छरिएर रहेका सीपलाई समेत समेटी पाठ्यक्रममा समावेश गर्नु पर्दछ ।

ण) वर्तमान परीक्षा प्रणालीमा सुधार गरी सैद्धान्तिक ज्ञान र व्यवहारिक सीप दुबैको मापन र मूल्याङ्कनको आधार बनाउनु पर्दछ ।

त) आवश्यक शैक्षिक सामग्रीको व्यवस्था र प्रयोगमा जोड दिनु पर्दछ ।

थ) मूल्याङ्कन प्रणालीमा सुधार गरी व्यवहारिक ज्ञान र सीपको मापनमा जोड दिइनु पर्दछ ।

द) विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई पढाइमा नै असर पर्ने गरी घरायसी काममा नलाग्न तथा नलगाउन विद्यार्थी तथा अभिभाकहरूलाई समेत सचेत गराउनु पर्दछ ।

ध) भर्ना भएका सबै विद्यार्थीहरूलाई विद्यालयले लिने कुनै पनि किसिमको परीक्षामा अनिवार्यरुपले सामेल हुने वातावरण सृजना गर्नु पर्दछ ।

न) लैङ्गिक भेदभावलाई निरुत्साहित गर्नु पर्दछ ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, उत्तमप्रसाद (२०६५), **काठमाडौँ जिल्लाको उत्तरी भेगमा दलित विद्यार्थीको शिक्षामा सहभागिता र उपलब्धि एक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), ताहाचल, काठमाडौँ : महेन्द्र रत्न क्याम्पस, त्रि.वि. ।

**अन्तरिम संविधान २०६३,** काठमाडौँ : बौद्धिक दर्पण प्रकाशन ।

कोइराला, विद्यानाथ र शुसन, आचार्य (२०६१), **सामाजिक न्यायको सेरोफेरोमा शिक्षा**, (प्रथम संस्करण), काठमाडौँ : स्टुडेन्ट बुक्स डिस्ट्रिव्युटर्स ।

खनाल, पेशल (२०६२), **शैक्षिक अनुसन्धान पद्धति**, कीर्तिपुर, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

दाहाल, महेशराज (२०५३), **मुसहर जातिको एक अध्ययन**, कीर्तिपुर, काठमाडौँ : त्रि.वि. अनुसन्धान विभाग ।

**नेपालमा दलित समुदायको स्थिति** (२०६०), काठमाडौँ : राष्ट्रिय दलित आयोग ।

पराजुली, ताराप्रसाद (२००१), **रुपन्देही केरवानी गा.वि.स.का मुसहर जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था एक समाजशास्त्रीय अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

पाण्डेय, मधुसुदन (२०६३), **नेपालका दलितहरू,** काठमाडौँ : पैरवी प्रकाशन ।

पोखरेल, भवानी (२०५३), **विराटनगर नगरपालिका वडा नं. ५ मा मुसहर जातिको एक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

मोक्तान, धनबहादुर (२०५३), **सिराहा जिल्लाका मुसहर महिलाको सामाजिक, आर्थिक अवस्था**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

यादव, जितेन्द्रकुमार (२०६६), **मुसहर जातिको शैक्षिक अवस्था र सोको विकासमा संघ संस्थाको भूमिका एक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

यादव, दिपकुमार (२०६७), **मुसहर जाति र अन्य जातजातिका बालबालिका बीच शैक्षिक संलग्नता र सिकाइमा प्रभाव एक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : महेन्द्र रत्न क्याम्पस, त्रि.वि. ।

राष्ट्रिय दलित आयोग (२०६०), **नेपालमा दलित समुदायको स्थिति**, थापाथली, काठमाडौँ ।

रेग्मी, मुरारीप्रसाद र अन्य (२०६३), **कक्षाकोठामा मनोविज्ञान**, काठमाडौँ : न्यु हिरा बुक्स् इन्टरप्राइजेज ।

शर्मा, चिरञ्जीवि (२०५४), **शिक्षाका आधारहरू,** भोटाहिटी, काठमाडौँ : एम के पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

शिवाकोटी, गोपाल (२०५५), **अनुसन्धान पद्धतिको परिचय**, बागबजार, काठमाडौँ : पाठ्य सामग्री पसल ।

सिंह, शिवकुमार (२०६२), **मुसहर जातिको शैक्षिक अवस्था र आर्थिक, सामाजिक धनुषा जिल्लाको हरिपुर गा.वि.स. वार्ड नं. ५ को एक अध्ययन** (लघु अनुसन्धान), कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

सेरिड (२०५६), **ज्योति दलित भाग- दुई,** त्रिपुरेश्वर काठमाडौँ ।

Best J.W. and Kahn J.V.( 2006), **Research in Education**, New Delhi : Prentice Hall of India Pvt. Ltd.

Kerlinger. F.N. (1995). **Foundation of Behavioral Research** 3rd Edition. A Prism Indian Edition.

Sharma, Lilamani (1999). **Social Determinants of Fertility among Rural Woman : A case study of Musahar Community of Bhawanipur VDC Siraha**, Kathmandu : Dissertation in Sociology/Anthropology. T.U.

Thapa, Kaji Ram (2002). Socio-economics factors Affecting the educational status of Musahar Community. A case study of Morang District of Nepal. Kathmandu : M.A. Dissertation in Geography, T.U.

## अनुसूची - १

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका लागि तयार गरिएको अन्तर्वार्ता निर्देशिका

अध्यक्षको नाम : शैक्षिक योग्यता :

विद्यालयको नाम : लिङ्ग : ठेगाना :

१) मुसहर विद्यार्थी र गैर मुसहर विद्यार्थी बीच के भिन्नता पाउनु भएको छ ?

..........................................................................................................

२) मुसहर विद्यार्थी र गैर मुसहर विद्यार्थीमध्ये कसको शैक्षिक उपलब्धि बढी छ ?

..........................................................................................................

३) वि.व्य.स.ले मुसहर विद्यार्थीलाई प्रोत्साहन स्वरूप थप सुविधा दिएको छ ?

..........................................................................................................

४) मुसहर अभिभावकको विद्यालय प्रतिको दृष्टिकोण कस्तो पाउनु भएको छ ?

..........................................................................................................

५) वि.व्य.स.मा मुसहर अभिभावकलाई समेट्नु भएको छ कि छैन ?

..........................................................................................................

६) मुसहर विद्यार्थीलाई विद्यालयमा भर्ना वृद्धि गर्न के-के गर्नु उपयुक्त हुन्छ ?

..........................................................................................................

७) मुसहर विद्यार्थीहरू विद्यालयमा नियमित उपस्थित हुन नसक्नाका कारणहरू के-के हुन् ?

..........................................................................................................

८) मुसहर विद्यार्थीहरूलाई विद्यालयमा नियमित बनाउन के-के गर्नुपर्छ ?

..........................................................................................................

९) मुसहर बालबालिकाको शैक्षिक उपलब्धि बृद्धि गर्न के-कस्ता कार्यहरू गर्नु भएको छ ?

..........................................................................................................

## अनुसूची - २

## विद्यालयका प्रधानाध्यापकका लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

प्र.अ.को नाम :

१) तपाईंको विद्यालयमा मुसहर बालबालिकाहरूको सहभागिता कस्तो छ ?

..........................................................................................................

२) विद्यालयमा कम सहभागिता भएको वर्गका लागि कुनै विशेष व्यवस्था गर्नु भएको छ ?

..........................................................................................................

३) मुसहर अभिभावकको विद्यालय प्रति कतिको चासो रहेको पाउनु भएको छ ?

..........................................................................................................

४) मुसहर र गैर मुसहर विद्यार्थी बीच के-कस्तो समानता र भिन्नता पाउनु हुन्छ ?

- विद्यालय आउने बारे
- गृहकार्य गर्ने बारे
- प्रश्न गर्ने, उत्तर दिने
- कापी, कलम र किताब ल्याउने
- साथीहरूसँग हेलमेल गर्ने सम्बन्धमा

..........................................................................................................

५) मुसहर विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्नका लागि प्र.अ.को कस्तो भूमिका हुनु पर्दछ ?

..........................................................................................................

६) विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा मुसहर र गैर मुसहर विद्यार्थीहरूको संलग्नतामा कस्तो समानता र भिन्नता पाउनु हुन्छ ? किन ?

..........................................................................................................

७) मुसहर विद्यार्थीको शैक्षिक स्तर कस्तो छ ?

..........................................................................................................

८) मुसहर विद्यार्थीहरूको उपस्थितिलाई नियमित गराउन र पढाइमा जागरुक बनाउन कस्तो कस्तो कार्यक्रम गर्नुपर्छ ?

..........................................................................................................

## अनुसूची - ३

## विद्यालयका शिक्षकहरूका लागि तयार गरिएको प्रश्नावली

शिक्षकको नाम : योग्यता : तह :

विद्यालयको नाम : ठेगाना :

१) मुसहर र गैर मुसहर विद्यार्थी बीच के-कस्तो समानता र भिन्नता पाउनु हुन्छ ?

- विद्यालय आउने बारे
- गृहकार्य गर्ने बारे
- सरसफाइ सम्बन्धी
- कापी, कलम र किताब ल्याउने
- प्रश्न गर्ने, उत्तर दिने
- साथीहरूसँग हेलमेल गर्ने सम्बन्धमा

..........................................................................................................

२) मुसहर विद्यार्थीलाई सिकाइमा उत्प्रेरित गर्नका लागि शिक्षकको कस्तो भूमिका हुनुपर्दछ ?

..........................................................................................................

३) विद्यालयमा हुने शैक्षिक क्रियाकलापमा मुसहर र गैर मुसहर विद्यार्थीहरूको संलग्नतामा कस्तो समानता र भिन्नता पाउनु हुन्छ ? किन ?

..........................................................................................................

४) मुसहर विद्यार्थीहरू विद्यालयमा उपस्थित हुँदा के- कस्तो समस्या पाउनु भएको छ ?

..........................................................................................................

५) ती समस्याहरूलाई निराकरण गरी विद्यार्थी उपस्थिति बढाउन के-कस्तो सुझाव दिनुहुन्छ ?

..........................................................................................................

६) मुसहर विद्यार्थीहरूको शैक्षिक उपलब्धि बढाउन विद्यालयले के-कस्ता प्रयासहरू गरेको छ ?

..........................................................................................................

७) विद्यालयमा जम्मा मुसहर विद्यार्थी कति छन् ?

..........................................................................................................

८) मुसहर विद्यार्थीहरूको उपस्थितिलाई नियमित गराउन र पढाइमा जागरुक बनाउन प्र.अ. र अभिभावकले कस्तो भूमिका खेल्नुपर्छ ?

..........................................................................................................

९) मुसहर विद्यार्थीको शैक्षिक स्तर कस्तो छ ?

..........................................................................................................

## अनुसूची - ४

### विद्यार्थीहरूका लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

विद्यार्थीको नाम : उमेर

१) तिमी घरमा कुन समयमा कति घण्टा पढ्छौ ?

....................................................................................................

२) घरमा गृहकार्य गर्दा कसले मद्दत गर्छ ?

....................................................................................................

३) तिमीलाई पढ्न मन लाग्छ वा लाग्दैन ? लाग्दैन भने किन ?

....................................................................................................

४) तिम्रो कक्षामा कुन-कुन जातका साथीहरू छन् ?

....................................................................................................

५) तिमीलाई साथीहरूले कस्तो व्यवहार गर्दछन् ?

- कक्षामा सँगै बस्ने/ नबस्ने
- विद्यालयमा सँगै खेल्ने/नखेल्ने
- विद्यालयमा सँगै खाजा खाने/नखाने
- तिमीले दिएको खानेकुरा खाने/नखाने
- साथीहरूले आफ्नो घरमा लैजाने/नलैजाने आदि ।

....................................................................................................

६) तिमीलाई विद्यालय जान मन लाग्छ वा लाग्दैन ? लाग्दैन भने किन ?

....................................................................................................

७) तिमी कुन शिक्षकलाई सबभन्दा बढी मन पराउँछौ ? मन पराउनुको कारण के हो ?

....................................................................................................

८) तिमीलाई शिक्षकले विद्यालय र कक्षाकोठामा कस्तो व्यवहार गर्दछन् ?

- प्रश्न शोध्ने क्रममा
- अरू विद्यार्थी वा तिमीहरू प्रतिको हेराई
- कक्षामा गृहकार्य जाँच्ने सम्बन्धमा
- अतिरिक्त क्रियाकलापमा संलग्नता सम्बन्धमा आदि ।

....................................................................................................

९) तिमीलाई पढ्नु पर्दछ भनेर सल्लाह दिने व्यक्ति को-को हुन् ?

....................................................................................................

१०) गैर मुसहर विद्यार्थीको शैक्षिक उपलब्धि बढी छ, किन ?

....................................................................................................

## अनुसूची - ५

### (मुसहर) अभिभावकका लागि तयार गरिएको प्रश्नावली

अभिभावकको नाम : उमेर :

लिङ्ग : गा.वि.स. : वार्ड नं. :

१) तपाईं कुन पेसामा संलग्न हुनुहुन्छ ?

.................................................................................................................

२) आफ्नो छोराछोरीको पढाइबारे थाहा पाउन विद्यालय जाने र शिक्षकसँग भेट्ने गर्नुभएको छ ?

.................................................................................................................

३) आफ्ना छोराछोरीलाई शिक्षा दिने क्रममा कुनै समस्या भोग्नु भएको छ कि ?

.................................................................................................................

४) विद्यालयमा अध्यापनरत प्र.अ. र शिक्षकले तपाईंको छोराछोरीसँग कस्तो व्यवहार गर्छन् ?

.................................................................................................................

५) तल्लो जातकै भएको कारण तपाईंका छोराछोरीले कुनै कठिनाई भोग्नु परेको छ कि ?

.................................................................................................................

६) मुसहरहरूको शिक्षामा सहभागिता कम हुनुको कारण तपाईंको विचारमा के जस्तो लाग्छ ?

.................................................................................................................

७) मुसहरहरूको शिक्षामा बढी भन्दा बढी सहभागी गराउनका लागि कस्ता-कस्ता उपायहरू अपनाउनु पर्ने देख्नुहुन्छ ?

.................................................................................................................

८) तपाईंको छोराछोरीलाई नियमित रूपमा विद्यालय पठाउनु भएको छ ?

.................................................................................................................

९) छोराछोरीलाई विद्यालय पठाउनु/नपठाउनुमा के फरक छ ?

.................................................................................................................

१०) छोराछोरीलाई कति कक्षासम्म पढाउने विचार गर्नु भएको छ ?

.................................................................................................................

## अनुसूची - ६

## विद्यार्थीहरूको उपलब्धि अभिलेख सङ्कलन फारम

विद्यालयको नाम पूर्णाङ्क :

ठेगाना कक्षा : उत्तीर्णाङ्क :

| क. | विद्यार्थीको | छात्र | छात्रा | विषयहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | नाम | | | नेपाली | अङ्ग्रेजी | गणित | सामाजिक | विज्ञान | ऐ.अङ्ग्रेजी | जम्मा |
| | | | | | | | | | | |